“सही सूचना सबैको माझ, सबैको साथ”

रत्ननगर आवाज

साप्ताहिक पत्रिका

● वर्ष १, अंक २४ ● २०७४ साल माघ ५ गते शुक्रबार (Friday 19th January 2018) (Web:www.ratnanagarnews.com) ● (पृष्ठ ४) मूल्य रू. १०/-

रत्ननगर छापाखाना

रत्ननगर, चितवन

फोन नं. ०५६-५६२७५८

मोबाईल: ९८४५१०८८३९

Email: ratnanagarchhpakhana562758@gmail.com

छपाई सम्बन्धी सम्पूर्ण कार्यहरु गरिन्छ ।

दैनिक खोजमूलक समाचारका लागि रत्ननगर आवाजद्वारा सञ्चालित अनलाईन www.ratnanagarnews.com लगाअन गर्न नभुल्नुहोला ।

चितवन र नवलपरासीमा एकै समयमा चार महोत्सव, उत्साहजनक सहभागिता

माघ ३ गते। चितवन र नवलपुर मा अहिले चार वटा महोत्सव संचालन भईरहेका छन् । चितवनमा मात्रै तीन वटा महोत्सव चलिरहेको छ । त्यस मध्येपनि दुई ठुला महोत्सव पूर्वी चितवनमा करिव ७ किलो मिटर आसपासको दुरीमा भईरहेको छ । पूर्वी चितवनको रत्ननगर उद्योग वाणिज्य संघको आयोजनामा नवौ रत्ननगर महोत्सव टिकौलीमा यही पुष २७ गतेदेखी चलिरहेको छ भने खैरहनी नगरपालिकामा थारु कल्याणकारीणी सभा क्षेत्र नम्वर ७ को आयोजनामा पाँचौ खिचरा महोत्सव सञ्चालन भईरहेको छ । त्यस्तै पश्चिम चितवनको पटिहानीमा पनि पहिलो पटक खिचरा महोत्सव पुष ३० गतेदेखी सुरु भएको हो । नवलपुरको गैडाकोट स्थित नारायणी नदी किनारमा दोश्रो गैडाकोट महोत्सव संचालन भईरहेको छ । तर पनि यि महोत्सवहरुमा उत्साहजनक रुपमा दर्शकहरुको सहभागिता भएको पाईन्छ । कृषि, पर्यटन र व्यापार प्रर्वद्धन गर्ने उदेश्यले टिकौलीमा जारी नवौ रत्ननगर महोत्सवको अन्त्यतिर दर्शकहरुको चाप बढ्दै गएको छ । पुष २७ गतेदेखी महोत्सव सुरु भएपनि माघ १ गतेदेखी मात्रै सो महोत्सवमा दर्शकको चाप वढेको हो । हाल सम्म रत्ननगर महोत्सवमा करिव ४ लाख दर्शकले अवलोकन गरेको महोत्सवका संयोजक एवंम् संघका अध्यक्ष राजाराम रेग्मीले जानकारी दिए । धरहरा निर्माण महोत्सवको मुख्य आकर्षणको रुपमा रहेकाले पनि दर्शकको उपस्थिती वाक्लो रहेको रेग्मीले वताए । प्रत्येक महोत्सवमा हामीले केही न केही नयाँ चीज दिदै आएका छौ संयोजक रेग्मीले भने - यस पटकको महोत्सवमा धरहराले सवैको ध्यान तानेको छ । वास, प्लाई र सेतो कपडाबाट धरहरा निर्माण गरिएको छ । करिव १० लाख भन्दा वढि लागतमा सो धरहरा निर्माण गरिएको हो । रत्ननगर महोत्सव माघ ७ गते सम्म चल्ने छ । महोत्सवमा उद्योग, व्यापार, कृषि तथा पर्यटनको प्रवर्द्धन, स्थानीय कला, संस्कृतिको प्रदर्शन र स्थानीय स्तर तथा अन्य क्षेत्रमा उत्पादित वस्तु एवम् सेवाको परिचय गराउने करिव ४५० वटा स्टल रहेका छन । यस पटकको महोत्सवमा ५ लाख भन्दा बढी दर्शकहरुले अवलोकन गर्ने र करिब ५० करोडभन्दा बढिको कारोबार हुने अपेक्षा र अनुमान गरिएको छ । उता खैरहनीमा जारी पाँचौ खिचरा महोत्सवमा पनि दर्शकको उपस्थिती उत्साह जनक रुपमा रहेको आयोजक थारु कल्याणकारीणी सभा क्षेत्र नम्वर ७ ले जनाएको छ। माघी पर्वको अवसर पारेर थारु संस्कृतिको संरक्षण गर्ने उदेश्यले खिचरा महोत्सव आयोजना गरिएको हो। विहीवार सम्म करिव १ लाख ३० हजार भन्दा वढि दर्शकले महोत्सवको अवलोकन गरेको थारु कल्याणकारीणी सभा क्षेत्र नम्वर ७ का सभापति एवंम् महोत्सवका संयोजक नारायण महतोले जानकारी दिए । थारु संस्कृति संरक्षण गर्ने उदेश्य रहेपनि अन्य जातजातिको पनि सो महोत्सवमा उपस्थिती राम्रै देखिन्छ। “राष्ट्रिय एकता र विविधता हाम्रो शान बहुजाति, भाषा, सँस्कृति नेपालको पहिचान” भन्ने नारासहित जारी खिचरा महोत्सव माघ ८ गतेसम्म खैरहनी नगरपालिका-५ स्थित जनकौली गौचरनमा चल्नेछ। थारु कल्याणकारिणी सभा क्षेत्र नं.७ ले थारु सँस्कृतिको संरक्षण र सम्बर्द्धन गर्ने उद्देश्यले आयोजना गरेको महोत्सवमा प्रतियोगितात्मक थारु साँस्कृतिक घरेलु हस्तकला प्रदर्शनी राखिएको छ। महोत्सवमा २ सय बढि स्टलहरु रहेका छन्। महोत्सवमा आउने दर्शकहरुको टिकटमा ३५ हजार रुपैयाँ बराबरको बम्पर उपहार स्वरुप पलङ राखिएको छ भने प्रत्येक ५० रुपैयाँ को टिकटमा २५ रुपैयाँ बराबरको एक थान पल्पी जुस उपहारको व्यवस्था गरिएको प्रचार -प्रसार समितिका संयोजक कारी महतोले जानकारी दिए । महोत्सवमा आकर्षणको रुपमा थारु जातिको मूख्य खानाको परिकार मध्येको ‘घोङघी’ र ‘चिचर’ को ५ फिटको विशाल मूर्ती प्रदर्शनमा राखिएको छ। महोत्सवमा २ लाख दर्शकले अवलोकन गर्ने आयोजकले लक्ष्य लिएको छ भने करिव १० करोडको कारोबार हुने अपेक्षा गरिएको छ ।

खैरहनीको अधिवेशन माघ १५ गते

उद्योग वाणिज्य सघ खैरहनीको आठौँ साधारण सभा तथा अधिवेशन यही माघको १५ र १६ गते हुँदैछ। यस अघि मंसीर ४ र ५ गतेका लागि तोकिएको अधिवेशन प्रतिनिधी सभा र प्रदेश सभा निर्वाचनका कारण स्थगीत भएको थियो। संघको साधारण सभा यही माघको १५ गते र अधिवेशन १६ गतेलाई तोकिएको संघका अध्यक्ष गुणराज श्रेष्ठले जानकारी दिए । अधिवेशनले पदाधिकारीसहित १७ सदस्य निर्वाचित गर्नेछ भने ४ जना सदस्य मनोनित र निवर्तमान अध्यक्ष रहने व्यवस्था छ। आगामी नेतृत्वका लागि हालसम्म वाहिर कसैको नाम नआए पनि सहमतिकै आधारमा कार्यसमिति चयन गरिने अध्यक्ष श्रेष्ठको दावी छ । आगामी अधिवेशनमा संघले वरिष्ठ उपाध्यक्षलाई अर्को अधिवेशन बाट स्वत: अध्यक्ष वनाउने गरी विधान संसोधनको तयारी गरेको छ। त्यसका लागि यही अधिवेशनमा विधान संसोधन प्रस्ताव लैजाने संघले जनाएको छ ।

हात्ती महोत्सवमा ३ लाख नाफा

क्षेत्रीय होटल संघ चितवनको आयोजनामा पुषमा भएको १४ औं चितवन हात्ती महोत्सवमा तीन लाख नाफा भएको छ। पुस ११ गतेदेखि १५ गतेसम्म चलेको हात्ती महोत्सव को आज आयव्यय सर्वजनिक गर्दै संघले रु ३ लाख ३ हजार ४५ रुपैयाँ नाफा भएको जनाएको छ । सौराहामा संघको मंगलवार भएको सोह्रौं वार्षिक साधारणसभामा सह कोषाध्यक्ष गंगा गिरीले हात्ती महोत्सव मा कुल रु. ३ लाख ७८ हजार ७०० आम्दानी भएको र रु ३५ लाख ७४ हजार ८५५ रुपैयाँ खर्च भएको जानकारी दिए । साधारण सभाका प्रमुख अतिथी रत्ननगर नगरपालिका मेयर नारायण वनले सौराहाको पर्यटन विकासका लागि गुरुयोजना अगाडी वढ्नु पर्ने भन्दै पर्यटन विकासमा सहकार्य गरेर अघि बढ्नुपर्ने वताए। कार्यक्रममा सघका महासचिव राममणी खनाल ले वार्षिक प्रगति प्रतिवेदन र सचिव दामोदर रेग्मीले आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए। क्षेत्रिय होटल संघ चितवन, सौराहाका अध्यक्ष सुमन घिमिरेको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो।

उद्योग वाणिज्य संघ चितवनमा सहनको नेतृत्व

निकै चर्चा र चासोका साथ हेरिएको उद्योग वाणिज्य संघ चितवनको अध्यक्ष मा सहनलाल प्रधान निर्वाचित भएका छन्। अघिल्लो अधिवेशन मा निवर्तमान अध्यक्ष राजन गौतमसँ पराजित भएका प्रधानले यसपटक भने राजु श्रेष्ठलाई पराजित गर्दै अघिल्लो अधिवेशनको हार को वदला लिन सफल भए। यसै साता सम्पन्न संघको अधिवेशनमा प्रधान ३ सय ४३ मतान्तरका साथ अध्यक्षमा निर्वाचित भएका हुन्। अधिवेशन अर्न्तगत भएको मतदान को मतगणना अनुसार प्रधानले १ हजार ४ सय ९ मत प्राप्त गर्दा उनका निकटतम प्रतिद्वनी राजु श्रेष्ठले १ हजार १ सय ४६ मत प्राप्त गरे । सुरुमा राजु श्रेष्ठप्रति माहोल देखिएपनि अन्तिम समयमा आएर प्रधानले साथ दिने धेरै थिए। प्रधान र श्रेष्ठले प्यानलनै वनाएर निर्वाचनमा होमिएका थिए। तर यि दुवै व्यवसायी एमाले निकटकै हुन्। वरिष्ठ उपाध्यक्षमा चुननारायण श्रेष्ठ विजयी भए । श्रेष्ठले १ हजार ६ सय १९ मतका प्राप्त गर्दा उनका निकटतम प्रतिद्वन्द्वी विष्णुप्रसाद कँडेलले १ हजार १ मत प्राप्त गरे। यसैगरि वाणिज्य तर्फको उपाध्यक्षमा इ.भोजराज कौडाल १ हजार ४ सय ७६ मतका साथ विजयी भए। उनका निकटतम प्रतिद्वन्द्वी विपेन्द्र रामदामु १ हजार १ सय ५९ मत प्राप्त गरेका थिए। उद्योग तर्फको उपाध्यक्षमा समुनकुमार श्रेष्ठ १ हजार ४ सय १३ मतका साथ निर्वाचित भए । उनका निकटतम प्रतिद्वन्द्वी नविन कँडेलले १ सय २ सय १९ मत प्राप्त गरे । त्यस्तै वस्तगुत तर्फको उपाध्यक्षमा चिरञ्जीवी सुवेदी १ हजार ४ सय ६१ मतका निर्वाचित भएका छन् । उनका निकटतम प्रतिद्वन्द्वी राजेन्द्र कँडेलले १ सय १ सय ६४ मत प्राप्त गरे । त्यसैगरि उद्योग तर्फको कार्यसमिति सदस्यहरुमा अशोक अधिकारी (१९१०), सोमप्रसाद काप्री (१६८०), सिर्द्धालाल चुके (१६३७), इ.कृष्णप्रसाद रिजाल (१४६१), चन्द्रमणि सापकोटा (१४१३), रोहितकुमार श्रेष्ठ (१४२५) मतका साथ निर्वाचित भएका छन् । यस्तै वाणिज्य तर्फको सदस्यमा इश्वरीप्रसाद खराल (१६०५), राजेन्द्र ओली (१३६१), ज्ञानुप्रसाद न्यौपाने (१२६२), लक्ष्मी रिमाल पौडेल (१२१६), तारानाथ पाठक (११९५), थिरप्रसाद धिताल(१०७१) मतका साथ निर्वाचित भए। महिला सदस्यमा भने रजनी मास्के (१६९५) मतका साथ निर्वाचित भएका छन्। संघको यअसघि नै मनोनयन दर्ताको समयमै तीन जना सदस्य निर्विरोध निर्वाचित भईसकेका थिए। यस निर्वाचनबाट सहनलाल प्रधान प्यानलका पदाधिकारीसहितका बहुमत सदस्य निर्वाचित भएका छन्। राजु श्रेष्ठ प्यानलका सदस्यमा इ.कृष्णप्रसाद रिजाल र थिरप्रसाद धिताल बाहेक सबै सदस्य र पदाधिकारी पराजित भएका छन्।

नि:शुल्क स्वास्थ्य शिविर

FREE HEALTH CAMP

यहि मिति २०७४ माघ ५ गते यस टाँडी पञ्चकन्या पोलिक्लिनिक (प्रा.) लि. ले बिरामीहरूको स्वास्थ्यलाई मध्यनजर राख्दै हजुरहरुकै स्थानमा चितवनकै ख्याती प्राप्त हाम्रै स्थानिय वरिष्ठ छाती, पेट, मुटु, उच्च रक्तचाप, थाईराईड तथा मधुमेह रोग विशेषज्ञ डा. गौरिराम महतो द्वारा नि:शुल्क स्वास्थ्य शिविरको आयोजना गरेको हुँदा सम्बन्धित बिरामीहरूले नि:शुल्क स्वास्थ्य लाभ लिनुहुन हार्दिक अनुरोध तथा सहर्ष जानकारी गराउँदछौं ।

अन्य दिन डाक्टर सँग भेट हुने समय: प्रत्येक शनिबार दिउँसो ११:०० बजे

टाँडी पञ्चकन्या पोलिक्लिनिक (प्रा.) लि.
Tandi Panchakanya Policlinic (Pvt.) Ltd.
Ratnanagar-2, Tandi, Chitwan

समय: ११:०० बजे स्थान: र.न.पा.-८, बाघमारा, चितवन

रोयल डेकोरेशन

रत्ननगर-१, सौराहाचोक, चितवन, मो. ९८५८०३५०४०

हाम्रा सेवाहरु:

विश्वप्रसिद्ध म्याट्रिक्स ब्राण्डका ढोकाहरू हाम्रै चितवनको सौराहाचोकको शिखर हार्डवेयरको नजिकबाट सेवा उपलब्ध गराउँदै आईरहेको सहर्ष जानकारी गराउँदछौं ।

१. विश्वको २६ वटा मुलुकहरुमा संचालनमा आएको ।
२. अत्याधुनिक मेशिनबाट डिजिटल वाटरप्रुफ ।
३. धुलिया लागेमा, पसाङ्गिएमा १० वर्ष कम्पनीको तर्फबाट ग्यारेन्टी ।
४. दक्ष कालिगढद्वारा फिटिङ्गको व्यवस्था चितवनको एकमात्र म्याट्रिक्स डिलर ।

रत्ननगर महोत्सव २०७४

२०७४ पौष २७ देखि माघ ७गतेसम्म

स्थान: टिकौली चौर (प्रस्तावित क्षेत्रिय रंगशाला), रत्ननगर , चितवन

“समग्र चितवनको गौरव र गरिमामय प्रस्तुती”

- बृहत कृषि प्रदर्शनी तथा प्रतियोगीताहरू (च्याउ, माछा, बंगुर, केरा, पोल्ट्री, मह, दुग्ध जन्य पदार्थहरू र थोपा सिचाई प्रविधि)
- अत्याधुनिक प्रविधियुक्त फार्म प्रतियोगिता
- बिबिध खाद्य परिकारहरू
- पर्यटन प्रवर्द्धनका विविध कार्यक्रमहरू
- प्रविधी युक्त प्रदर्शनी
- विभिन्न व्यवसायीक अवसरहरू
- बाल उद्यान
- धरहराबाट दृष्य अवलोकन
- बिभिन्न जनजाती र पोर्कका परिकारहरू सहितको फूड फेष्टिभल
- दैनिक राष्ट्रिय कलाकारहरूबाट सांस्कृतिक कार्यक्रम प्रस्तुत

आयोजक: रत्ननगर उद्योग वाणिज्य संघ संरक्षक : रत्ननगर नगरपालिका

सह-आयोजक: नेपाल सरकार कृषि विकास मन्त्रालय प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना परियोजना व्यवस्थापन | मुख्य प्रायोजक: KIA ISUZU Aviyan Motors | प्रायोजक: Yashoda Foods | सह-प्रायोजक: hotel SEVEN STAR | फुड फेस्टिभल प्रायोजक: ARNA | आधिकारिक पानी: Mountain Drop | आधिकारिक बैंक: NIC ASIA | आधिकारिक बीमा: एभरेष्ट इन्स्योरेन्स कम्पनी लिमिटेड EVEREST INSURANCE COMPANY LTD. | टिकट सौजन्य: शिवम् सिमेन्ट | मूल गेट सौजन्य: करेन्ट मसाला | मञ्च सौजन्य: TRISHAKTI TRADERS त्रिशक्ति ट्रेडर्स | रेष्टुरेन्ट परिसर सौजन्य: करेन्ट मसाला | फुड फेस्टिभल सहयोगी संस्था: नेपाल सरकार पशु विभाग पशुपंक्षी बजार निर्देनालय हरिहरभवन ललितपुर | माछा परिसर सौजन्य: ANMOL | कृषि परिसर सौजन्य: कालिका नगरपालिका | प्रवर्द्धक: ने. उ. वा. महासंघ | नेपाल सरकार वाणिज्य तथा आपुर्ति मन्त्रालय व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र | जिल्ला समन्वय समिति चितवन | नेपाल सरकार जिल्ला कृषि विकास कार्यालय चितवन | नेपाल सरकार जिल्ला पशु सेवा कार्यालय चितवन

प्रो. चन्द्र ब. सुनार मो ९८४५३४४७९९

सोहम काष्ठ फर्निचर उद्योग

र.न.पा.-१०, पर्सौनी, चितवन

हामी कहाँ आधुनिक किसिमका काठबाट निर्मित दराज, टेबुल, बेड, पलङ्ग पाउनुको साथै घर तथा अफिसियल प्रयोजनको लागि प्रयोग हुने स्टिलका दराज, टेबुलहरु अर्डर बमोजिम बनाइन्छ ।

फर्निचर सम्बन्धी सम्पूर्ण सामानको लागि हामीलाई सम्झनुहोस ।

प्रो. बृजकिसोर प्रसाद कुसुवाहा मो. ९८५५०२८३५३ मो. ९८४५७८८३५३ ९८१४२४२८६५

शिवम् पावर

र.न.पा-१०, चितवन

हाम्रा सेवाहरू :- स्टेफ प्लाईजर, अनलाईन यू.पि.यस, चार्जर वेल्डिङ्ग मेसिन, जेनेरेटर, मोटर, पंखा, इन्डस्ट्रियल प्यानल पाउनुका साथै मर्मत पनि गरिन्छ ।

नोट: इन्डस्ट्रियल वाइरिङ्ग पनि गरिन्छ ।

“पूर्वी चितवनको मुटु टाँडी बजारमा सम्पूर्ण ब्रण्डको ओर्जिनल मोबाइलहरु सस्तो मूल्यमा पाईने एक मात्र ठाँउ”

HIP HOP COMPUTER & MOBILE

Ratnanagar-2, Tandi, Chitwan

Mob. 9845073664

All Kind Of SAMSUNG, LAVA, GIONEE, OPPO, HUAWEI, LENOVO, MI, MOTOROLA, NOKIA, MICROMAX

हामीकहाँ मोबाइलको सम्पूर्ण मोबाइलको पार्टसहरु होलसेल मूल्यमा बिक्री गरिन्छ ।

प्रो. सुरेन्द्र चौधरी मो. ९८४५४१८१८७

इनर्जी सोलुसन

र.न.पा-१, बकुलहर, चितवन (राष्ट्रिय वाणिज्य बैंक आडैमा)

हाम्रा सेवाहरू :

हामीकहाँ इलेक्ट्रिक साईकल, सोलार सिष्टम, किचन चिम्नी प्युरिफाइ फिल्टर (पानी फिल्टर), वाटर हिटर, इन्भर्टर, ब्याट्री, फ्रिज, टि.भी. पाईनुका साथै मर्मत पनि गरिन्छ ।

प्रो.सविन चौधरी, ९८४००६९७९१

टाँडी पञ्चकन्या पोलिक्लिनिक प्रा. लि.

रत्ननगर-२, चितवन, फोन नं. ०५६-५६१३९०

नोट: हरेक दिन बिहान खाली पेटमा गरिने सुगरको जाँच नि:शुल्क गरिन्छ ।

हामीकहाँ बरिष्ठ चिकित्सकहरुद्वारा जुनसुकै रोगको उपचार गरिनुका साथै प्याथोलोजी सेवा, X-Ray,Video X-Ray सेवा, ECG, Nebulization अक्सिजन, परिवार नियोजन, सानोतिनो अप्रेशनको व्यवस्था र जुनसुकै बेला आकस्मिक सेवा उपलब्ध हुनुका साथै बिशेष छुटको पनि व्यवस्था रहेको छ ।

"सही सूचना सबैको माझ, सबैको साथ"

रत्ननगर आवाज
साप्ताहिक पत्रिका

प्रकाशक: सुजन अर्याल, ९८४५१०८८३९
सम्पादक: सरोज खनाल
का. सम्पादक: जानुका अर्याल
प्रबन्ध निर्देशक: यमविलास भट्टराई
व्यवस्थापक: स्मृति खनाल अर्याल

कार्यालय: रत्ननगर नगरपालिका, टाँडी, चितवन
फोन: ०५६-५६२७५८
E-mail: ratnanagarnews@gmail.com
Website: www.ratnanagarnews.com

मुद्रक: रत्ननगर छापाखाना, रत्ननगर, चितवन
कम्प्यूटर: रिजन के.सी., ९८४५०८०२२६

सम्पादकीय

अस्थायी राजधानीको समर्थन र विरोध

प्रदेशको अस्थायी राजधानी टुंगो लगाए लगत्तै समर्थन र विरोधको लहर सुरु भएको छ । आफ्नो ठाउँमा राजधानी भयो भनेर विराटनगर, जनकपुर, हेटौंडा, पोखरा, रुपन्देही, सुर्खेत र धनगढीका बासिन्दा खुसी छन् । अनि आफ्नो ठाउँमा राजधानी हुनुपर्ने माग गर्दै प्रदर्शनमा उत्रिएकाहरु चाहिँ अर्कै ठाउँको निर्णय भएपछि थप आक्रोशित भएका छन्। आक्रोसित ठाँउमा आन्दोलन चर्किएको छ । प्रदेश नं. १ को राजधानी विराट नगर तोक्ने निर्णय भएपछि धनकुटा र अरु ठाउँलाई चित्त बुझेको छैन । २ नम्बर प्रदेशको जनकपुर भए पछि वीरगंजका बासिन्दा आक्रोशित भएका छन् । ३ नम्बर प्रदेशको हेटौंडामा राख्ने निर्णयमा ललितपुर, काठमाडौं र भक्तपुरका बासिन्दा अचम्ममा परेका छन् । ५ नम्बरको रुपन्देहीमा राख्ने निर्णय भएपछि दाङका बासिन्दा झनै आक्रोशित भएका छन्। प्रदेश नं. ७ को धनगढी हुने भएपछि डोटीका बासिन्दालाई पनि उस्तै आक्रोश थपिएको छ । प्रदेश नं. ४ को पोखरा र प्रदेश नं. ६ को सुर्खेतमा चाहिँ खासै विवाद छैन । तर ६ नम्बर प्रदेशमा कर्णालीका बासिन्दाले आफ्नो ठाउँमा हुनुपर्छ भनेर माग गरेका छन् । तर अहिले तोकिएको अस्थायी राजधानीको समर्थन र विरोध गर्ने दुवैथरीले संविधानमा भएको व्यवस्था थाहा भएर पनि थाहा नभएजस्तो गरिरहेका छन् । संविधानमा स्पष्ट लेखिएको छ, प्रदेशको राजधानी सम्बन्धित प्रदेशसभामा तत्काल कायम रहेका सदस्य संख्याको दुई तिहाई बहुमतबाट निर्णय भए बमोजिम हुनेछ । यो निर्णय नभएसम्म नेपाल सरकारले तोके बमोजिमको स्थानबाट प्रदेशको कार्य सञ्चालन हुनेछ । अहिले सरकारले प्रदेशसभा बैठक अघिको बाटो मात्र खोलिदिएको हो । अर्थात निर्णय नभएसम्मका लागि कार्य सञ्चालन गर्न अस्थायी ठाउँ तोकिएको मात्र हो । बुधबार सम्म प्रदेशको अस्थायी राजधानी टुंगो नलागेको भए आउँदो २४ गते हुने राष्ट्रियसभा चुनाव पछि सर्न सक्थ्यो । प्रदेशको स्थायी राजधानी टुंगो लगाउन पनि अहिले अस्थायी ठाउँ तोक्नु नै पर्ने थियो । अहिले तोकिएका ठाउँबाहेक अरु ठाउँको बारेमा निर्णय भएको भए पनि विवाद हुन्थ्यो नै । अनि सरकार ले अहिले तोकिएको ठाउँ नै स्थायी राजधानी होइन । कहाँ राजधानी बनाउँदा उपयुक्त हुन्छ भनेर पछि प्रदेशसभाको बैठकले निर्णय गर्नेछ । आफ्नो प्रदेशका सबै नागरिकको भावनालाई सम्बोधन गर्दै उपयुक्त ठाउँमा राजधानी तोक्ने जिम्मा प्रदेशसभामा चुनिएका सांसदहरुको हो । त्यसैले एउटा कुरा प्रष्ट छ, सडकमा प्रदर्शन र दबाबको बलमा राजधानी तोकिने होइन । प्रदेशसभाको चुनावमा विजयी भएका प्रदेश सांसदहरुले निर्णय गर्ने हो, अहिले तोकिएको त अस्थायी ठाउँ मात्र हो ।

दलित प्रनिधित्वः हात्ती आयो, फुस्स

अशोक दर्नाल

आशा, आशंका र विभिन्न राजनीतिक उतार चढाव हुँदाहुँदै पनि प्रतिनिधिसभा र प्रदेशसभाको पहिलो र दोस्रो चरणको निर्वाचन सम्पन्न भयो। संघीय गणतान्त्रिक नेपालको संविधानको सफलता पूर्वक पूर्ण कार्यान्वयन भएको यो निर्वाचनले देखाएको छ ।

स्थानीय हुँदै प्रदेश र केन्द्रका यी निर्वाचन नेपाली राजनीतिक इतिहासमा कोसेढुंगा सावित हुने नै छ । तर, विडाम्बनाका साथ नेपाली राजनीतिक इतिहासमा राजनीतिक दलहरुले राजनीतिक वेइमानी गर्दा दलित समुदायहरु जो चाहेर पनि सहज र सरल ढंगबाट सत्ता आराम्भ गर्नु असम्भव नै रहेछ ।

नीतिमा अग्रगामी, कार्यान्वयमा पश्चगामी

दलित समुदायको आखाँबाट यो ऐतिहासिक निर्वाचानलाई हर्दा समानुपातिक तथा समावेशी सिद्धान्त अन्तरिम संविधानभन्दा पनि निकै पश्चगामी देखिन्छ। भलै अन्तरिम संविधान एउटा कालखण्डका लागि थियो। तर, अहिले संविधान जारीपछि कार्यान्वयनको चरणमा हुँदासमेत यो समावेशी तथा समानुपातिक सिन्द्धातमा राजनीति दलहरुले ख्याल गरे पनि व्यवहारिक कार्यान्वयन गर्न नसक्दा दलित समुदायको उपस्थिति निकै कम हुने देखिन्छ ।

समानुपातिक निर्वाचन निर्देशिका ०७४ को दफा १३ को ३ (क) मा समानुपातिकतर्फ दलितलाई १३.८ प्रतिशत सिट आरक्षित त गर्‍यो तर सबै जोड घटाउ गर्दा समेत दलितहरुको प्रतिनिधित्व बढी ६.४४ प्रतिशत र कम्तीमा ६.२२ प्रतिशत हुने पक्का देखिन्छ । अर्थात बढी ५७ जना र कममा ५५ जनाको प्रतिनिधिसभा, प्रदेशसभा र राष्ट्रिय सभा दलित संसदको उपस्थिति हुनेछन् ।

अन्तिरम संविधानलाई फर्केर हेर्दासमेत ६०र४० नीतिअनुरुप नै पहिलो संविधानसभामा ८.३३ प्रतिशत अर्थात् ५० जना दलित सभासदको उपस्थिति रह्यो। दोस्रो संविधानसभामा आउँदा त्यो संख्या घटेर ६.६५ प्रतिशत अर्थात् ४० जनामा खुम्चिनु पर्‍यो ।

अहिले भएको दुई चरणको निर्वाचनबाट पनि सहजै अनुमान लगाउन सकिन्छ कि, प्रतिनिधि सभाका २ सय ७५, राष्ट्रियसभाका ५९ र सात प्रदेशका कुल ५ सय ५० प्रदेशसभा सदस्यहरु गरी ८ सय ८४ संसदमध्ये ६.२२ प्रतिशत मात्रै दलित प्रतिनिधित्व हुनु नीतिमा अग्रगामी कार्यान्वयनमा पश्चगामी नै हो ।

कुल दलित जनसंख्यामध्ये मधेसी दलितले ३५ प्रतिशत हिस्सामाध्ये त मधेशी दलितको उपस्थिति ६.२२ प्रतिशतभित्र समानुपातिकतर्फ १.३६ प्रतिशत हुन आउँछ । जबकि राष्ट्रिय जनगणना २०६८ का अनुसार दलितको जनसंख्या १३.१२ प्रतिशत छ । तीमध्ये पहाडी दलित ८.१२ प्रतिशत मधेसी दलित ४.४१ र अन्य दलित ०.५९ प्रतिशत छन् । त्यसकारण पनि यो समानुपातिक तथा समावेशी सिद्वान्त एक कालखण्डका लागि भनिएको अन्तरिम संविधानभन्दा पनि विस्तारै पश्चगामी दिशातर्फ उन्मुख भएको सहिजै अनुमान लगाउन सकिन्छ ।

राजनीति दलभित्र सामन्तवादी प्रवृत्ति

राजनीतिक दलहरुभित्र अझै समान्तवादी प्रवृत्ति हावी छ । त्यसकै नमुना वेलावेला देखिने गर्छ। यो प्रवृति यसपल्टको निर्वाचनमा दलितहरुलाई टिकट वितरणमा निकै देखिएको थियो । नेताको श्रीमति, बुहारी, ज्वाइँ, काका भतिजाहरु र निकै पछि राजनीतिक सुरु गरेको नेताहरु र पार्टीलाई सहयोग गरेको भरमा टिकट पाउँदै गर्दा दलित समुदायको दलित नेताहरुलाई दिन निकै कन्जुस्याइँ गरे । वाम गठनबन्धनको रापले पनि यसपटक टिकट पाउने जति दलित नेताहरु सहजै चुनाव जित्न सक्थे कि ?

पार्टीभित्र निकै लडाइँ गर्नु परेको थियो, दलित उम्मेदावरले टिकट पाउन। एमालेबाट प्रतिनिधि सभा २ र माओवादीबाट १ जना टिकट पाएर चुनाव जिते। प्रदेशमा एमाले २ र माओवादी केन्द्रबाट २ जनाले विजय हासिल गरे । हुनत प्रतिनिधिसभा र प्रदेशसभामा १२ जना दलितका उम्मेदावर चुनावी मैदानमा टिकट पाएर हुमिएका थिए । तर सात जना विजय भए बाँकी हुन सकेनन् । अझै पनि पार्टीले दलितहरुलाई टिकट दिनहुँदैन भन्ने मनसाय जातीय अंहकारवादी समान्तवादी सोच भएका गैरदलित नेताहरुको मानेविज्ञानले दलितहरुलाई पाटीभित्र दास प्रवृत्तिले पक्का काम गरेको देखिन्छ। धैरै अग्रगामी कुरा गर्ने माओवादी हिजो माओवादी जस्तो छैन । अहिले उ विकासे भएको छ । सुटबुट र पार्टीलाई मोटो रकम चन्दा दिने मुद्दा बोक्नु माओवादी केन्द्रको गल्ती होइन ।

गल्ती त हिजोको माओवादी सम्झेर मुद्धा उठाउन सक्ने भनेर लम्पसार भएर पार्टीमै लिप्त हुने प्रवृत्तिले चाहिँ दलित आन्दोलन र दलित मुद्दालाई भड्खालोमा हालेको छर्लङ्ग हुन्छ। अहिले जति प्रप्त भएका जति पनि मुद्दाहरु छन् दलित समुदायका, माओवादी जनयुद्धकै कारण थिए । तर, माओवादी विस्तार दलित मुद्दा छाड्दै गएको छ । उसको दलित मुक्ति रणनीति नै छ । अरु पार्टी बाट हुने कुरै भएर। विस्तारै माओवादी पार्टी पनि दलित विरोधी पार्टी हो कि जस्तो देखिन थालेको छ ।

किनकि उसले पनि प्रत्यक्ष र समानुपातिकमा दलित कोटामा गैर दलित हाल्ने ,सकभर दलित टिकट नदिने दाउपेजमा लागेकै हो। अन्य पार्टीको कुरै गर्न पर्दैन । किनकि न उनीहरुले हिजो चाहेका थिए, न त आज चाहन्छन् । अहिले आएका केही व्यक्तिहरु बाध्यकारी नीति भएर आएका हुन्। उनीहरुले समानुपातिक समावेशीकरण सिद्वान्त ले आफूहरुको भाग खोसिने हो कि भन्ने धेरै डर त्रास थियो । अहिले त प्रमुख राजनीति दलहरु यो समानुपातिक तथा समावेशी सिद्धानको दुरुपयोग गर्ने होडबाजी मै देखिए । पाटीभित्र लामो समय देखि सुरु गरेको दलित नेताहरुलाई बाइपास गरेर गैरदलितसँग विवाह गरेको आधारमा दलित कोटाको प्रयोग हुन थालेको छ । माओवादी जस्तो पार्टीलेसमेत यस्तो गर्दा अन्य दल किन नगर्ने? त्यसकारण एमाले कांग्रेस माओवादीभित्र अझै जातीय अंहकारवादी सोच र समान्तवादी चिन्तनबाट ग्रस्त छन् ।

दलहरुले नपत्ताएको तस्वीर

लिने र दिनेबीच तलमेल समय सापेक्ष हुन नसके जतिसुकै चिल्लो घसे पनि तलमेल दीर्घ कालीन रुपमा जानसक्दो रहेन्छ । यस्तै तस्वीरहरु देखिए दलित नेताहरुमा पनि । खुलेर पाटीभित्र आफ्नो कुरा नराख्ने प्रवृत्तिको हावी छ, राजीतिक दलहरुभित्र । पक्तिकारसँग टिकट वितरण समयमा प्रमुख पार्टीभित्रका उच्च तहका दलित नेताहरुसँगको कुरा निकै गम्भिर कुरा उठाएका थिए । जीवनभर पार्टीको सिपाही भइयो, अझै पार्टीले पत्ताउँदैन, प्रत्यक्षमा त के समानुपातिकमा समेत दिँदैनन् भनेर भनेका थिए, माओवादी केन्द्रका नेताले ।

अझै पनि पार्टीभित्र जतिसुकै लामो समयदेखि सक्रिय रहेपनि दलित नेताहरुलाई सहज रुपमा पत्ताउन अनुहार हुनै सकेको छैन । चाहे त्यो आहुति हुन या छविलाल र मानबहादुर विश्वकर्मा । यी लगायत पाटीभित्र निकै प्रखर दलित नेताहरु हुँदाहुँदै पनि उनीलाई निस्तेजको राजनीति कायम नै छ । लामो समयदेखि राजननीतिमा लागेका नेताहरु सबैसँग प्रतिस्पर्धा गर्ने सक्छन् । तर, सहजै दिँदैनन् । दलितलाई माथिल्लो तहसम्म ल्याउन नचाहने तत्वहरु निकै हावी छन्, पार्टीहरुभित्र। यसकै कारण माओवादी र एमाले कांग्रेस र अन्य पार्टीभित्र दलित नेताहरु चाहे जति फड्को मार्न सक्दैन । यो चुनावमा पनि यसले धेरै भूमिका खेलेको छ । एमाले, माओवादी र कांग्रेसभित्र दलितहरु टिकट पाउन सम्भावना धेरै र बलियो थियो तर, अन्तिममा सबै चुके ।

कोठाभित्र ठूला र चिल्लो कुरा दलित नेताहरु पार्टीभित्र विरोध गरेर बोल्नै सक्दैनन् । किनकि विरोध गरौं पार्टीले कारवाही गर्न नगरौ आफ्नो जातिको लागि के गरेनन् भन्ने । दोधारेपनमा देखिने नेताहरुले योपल्टको चुनावमा खुलेर विरोध गर्न सकेनन् ।

प्रत्यक्षमा ०.८१ प्रतिशत हुदाँ समानुपातिकमा १२.७२ प्रतिशत को प्रतिनिधित्व संसदमा हुँदा समानुपातिक तथा समावेशी सिद्वान्तको विरोधमा बोल्न सकेनन् । यो संसदलाई आम दलित समुदाय हरुले प्रतिनिधित्वको हिसावले हात्ती आयो हात्ती आयो फुस्स भनेका छन् ।

जातीय अंहकारवादी सोचको उद्‍गम

नेपाली समाजको पुन:संरचनाको आधार जनजाति आदिवासी, मधेशी दलित अल्पसंख्यक लगायत पछाडि पारिएका जनताको न्यायोचित हक स्थापित गर्नु हो । उनीहरुको न्यायपूर्ण अधिकार स्थापित नहुन्जेल सम्म नेपाली समाज लोकतान्त्रिक हुन सक्दैन भने आर्थिक सामाजिक विकास पनि सम्भव छैन । तर, यही आर्थिक सम्वृद्धि नारा सहित नयाँ संविधानको कार्यान्वयन उत्रिएका राजनीतिक दलहरुको शैली हेर्दा दलितमाथि न्याय हा उल्टो अन्याय गरेको छ । लोकतान्त्रिक र आधारभूत मानव अधिकारबाट समेत बञ्चित जाति तथा समुदायको अधिकार स्थापित हुन नसके राज्य पुन:संरचना पूर्ण रुपमा सार्थक हुन् सक्दैन । उनीहरुको अधिकार स्थापित गरिएन भने राज्य पुन: संरचनाका लागि भएको संघर्ष र बलिदानको फाइदा खास जाति वर्ग र समुदायले मात्रै पाइरहने निश्चित छ ।

प्रमुख राजनीतिक दल एमाले, माओवादी र काँग्रेस विस्तारै यो अभ्यास गदै गरेको भान हुन्छ । समानुपातिक तथा समावेशी सिद्धान्त रहेन राजनीतिक दलहरुले प्रतिनिधित्व गराउने निहुँमा फेरी दलित समुदायमाथि ठूलो घात र राजनीति बेइमानी गरेका छन् । देखाउनका लागि मात्रै दलित उपस्थिति गराएर पुरानो र जातीय अहंकारवादी सोचको उद्‍गम परेका छैन नै ।

फेरि पनि सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक र शैक्षिक लगायत मुद्दाबाट वञ्चित मात्र छैनन् दलित, यस्तै दलितविरोधी सोच हाबी भएकै कारण राज्यको नीतिनिर्माण तहदेखि नै वञ्चिती करणमा पारिँदै आएका छन् उनीहरू ।

उनीहरूलाई राज्यको मूल प्रवाहीकरणमा लैजाने कोरा कानुनी आधार लेखिए पनि व्यावहारिक रूपमा कार्यान्वयन हुन नसक्दा दलित का लागि जतिसुकै चिल्ला नारा उठाए पनि उनीहरूले सामाजिक न्यायको अनुभूति गर्न कहिल्यै पाएका छैनन् । दलितलाई हेर्ने दृष्टिकोण परिवर्तन नआएसम्म जतिसुकै समावेशी र समानुपातिक नारा उठाए पनि दलितमाथिको थिचोमिचो कायमै हुनेछ ।

खेलकुदका समाचार

रोनाल्डो विनाको रियल मड्रिड कल्पना गरेको छैन : जिदान

प्रशिक्षक जिनेदान जिदानले क्रिष्टियानो रोनाल्डोविनाको रियल मड्रिड कल्पना नगरेको बताएका छन् ।

रियल मड्रिडको पोर्चुगिज स्ट्राइकर रोनाल्डोले च्याम्पियन्स लिगका ६ खेलमा ९ गोल गरेका छन् तर ला लिगामा चार गोल मात्र गरेका छन् । पछिल्लो समय उनी म्यानचेष्टर युनाइटेड फर्कने खबरहरु पनि आएका थिए ।

चर, प्रशिक्षक जिदानले भने, 'म सँधै त्यही कुरा भन्दै आएको छु, मैले रोनाल्डो विनाको मड्रिड कल्पना गरेको छैन ।'

३२ वर्षीय रोनाल्डोको सम्झौता २०२१ सम्म छ । २००९ मा युनाइटेडबाट रियल मड्रिड गएका रोनाल्डोले ४१८ खेलमा ४२२ गोल गरेका छन् ।

प्रशिक्षक जिदानले भने, 'रोनाल्डो यो क्लबको हिस्सा हो, जहाँ उनी आबद्ध छन् । क्लब, फ्यान सबैले उनलाई माया गर्छन् । म उनको प्रदर्शनबारे मात्र कुरा गर्न चाहन्छु ।'

तर यो सिजन रियलको प्रदर्शन खस्किएको छ । ला लिगाको चौथो स्थानमा छ र लिड लिडर बार्सिलोना भन्दा १९ अंकले पछि परेको छ ।

आफ्नै भविश्यबारे सोधिएको प्रश्नमा प्रशिक्षक जिदानले भने, 'मैले यसबारे सोचेको छैन ।'

चितवनमा जुनियर लेडिज मेयर मिनी म्याराथुन प्रतियोगिता आज हुँदै

केशरबाग ब्वाइज क्लबको आयोजनामा चितवन जिल्लामा नै पहिलोपटक हुने जुनियर लेडिज मेयर मिनी म्याराथुन प्रतियोगीता को तयारी पुरा भएको छ । २० बर्ष भन्दा कम उमेरका महिलाका लागि ३ किलो मिटरको दुरीमा म्याराथुन हुने क्लबका सचिब नितेश राउतले जानाकारी दिनु भयो ।

प्रतियोगिता माघ ५ गते (आज) हुनेछ । भरतपुर-६ स्थित लेक ट्वेन्टी थाउजेन रिसोर्स (हवेली) देखि डेरी चोकसम्मको ३००० मिटर दुरीमा म्याराथुन हुने राउतले बताउनु भयो । प्रतियोगितामा प्रथम हुनेले नगद रु. १५ हजार, शिल्ड, मेडल र प्रमाणपत्र, द्वितीय हुनेले नगद रु १० हजार, शिल्ड, मेडल र प्रमाणपत्र, तृतीय हुनेले नगद रु ५ हजार, शिल्ड, मेडल र प्रमाणपत्र एवम् सान्त्वना स्थान हाँसिल गर्ने २ जनालाई जनही रु २ हजार पाँच सय, मेडल र प्रमाणपत्र पाउने छन् ।

प्रतियोगितामा चितवनका सरकारी एवम् संस्थागत विद्यालयले सहभागिता जनाउने छन् । प्रत्येक विद्यालयले ३ जना सम्म सहभागी पठाउन पाउने छन् । प्रवेश शुल्क ३ जना सम्म रु ६०० हुने क्लबले जनाएको छ । प्रतियोगितामा ३०० भन्दा बढी सहभागिता गराउने लक्ष्य राखिएको क्लबका अध्यक्ष आदित्य न्यौपानेले बताउनुभयो ।

साहित्य

गजल

दिप मिलन
रुद्रपुर, रुपन्देही

तिम्रो हात कापेन कि, जात माथि तल लेख्यौ? !
यो निर्दोष जीवनमा, गरि तिमि छल लेख्यौ !!

मान्छे यँहा मान्छे हुन्न, ढुङ्गा पुज्ने समाजमा,
छुवाछुत नानाभाटी छि! छि! दलदल लेख्यौ !!

माया प्रीति जातपातको, तराजुमा जोखिदैछ,
भन तिम्ले कँहा निर समस्याको हल लेख्यौ !!

मानवता बन्धकिमा, परेपछि मर्छ मान्छे,
बचाउने ईच्छाहरु, न त मल जल लेख्यौ !!

बाबा आमा कर्म दिँदा, के सम्झौता गर्‍यौ कुन्नि,
बाटो मुनि फूल्ने फल्ने, फूल अनि फल लेख्यौ !!

मुक्तक

सुरज गैह्रे बिवश

ढाडमा टेकेर टाउकोमा बजाउँछन
यो स्वार्थी दुनिया दुस्ख मा रमाउँछन
पीडा आफै थुपारी कठै भन्नेहरुले नै
म छु भन्दै उस्कै दलदलमा फसाउँछन

तपाईंको यो साता (साप्ताहिक राशिफल)

मेष	प्रारम्भमा स्वास्थ्य कमजोर रहनेछ भने अप्ठ्यारा परिस्थितिसँग सम्झौता गर्नुपर्ला । अरूको स्वार्थमा उपयोग भइने सम्भावना देखिएकाले सजग रहनुहोला । अवसरका लागि जोखिमपूर्ण काममा जुट्नुपर्ने परिस्थिति आउन सक्छ । आफ्ना कमजोरीमाथि खेल्नेहरूले सताउनेछन् । प्रयत्न गर्दा समस्याको जड पत्ता लाग्नेछ ।	सिंह	प्रारम्भमा घरेलु समस्या देखापर्न सक्छन् । अरूलाई दिएको वचन पूरा गर्न नसक्दा समस्या देखापर्नेछ । सामान्य फाइदा भए पनि धेरैजसो अरूका लागि उपयोग भइनेछ । स्वास्थ्यमा मौसमी गडबडी देखापर्ने समय रहेकाले खानपानमा सजग रहनुपर्ला । लगनशीलताले गुमेको प्रतिष्ठा दिलाउन सक्छ ।	धनु	प्रारम्भमा आकस्मिक खर्च बढ्नाले अर्थ अभावले सताउनेछ । रोकिएका काममा दोहोऱ्याएर प्रयत्न गर्नुपर्ला । सोमवारदेखि स्थितिमा सुधार आउनेछ भने आफन्तसँगको सम्पर्कले मनमा आनन्द मिल्नेछ । नयाँ काममा हात हाल्ने परिस्थिति जुट्नेछ । टाउको र आँखाको समस्याले भने सताउन सक्छ ।
वृष	शुभचिन्तकहरूको सहयोगले साताको प्रारम्भ उत्साहबर्द्धक रहनेछ । मन मिल्ने साथी भेटिनुका साथै रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । सोमवारदेखि विरोधी हरू बढ्नाले समस्यामा परिनेछ । अरूका लागि रकम र समय खर्चनुपर्ला । स्वास्थ्यमा पनि कमजोरी देखापर्नेछ । अर्थ अभावले आँटेको काम स्थगित हुन सक्छ ।	कन्या	प्रारम्भमा चिताएको काममा राम्रो सफलता मिल्नेछ । दाजुभाइमा आत्मीयता बढ्नेछ भने व्यवसायमा मनग्ये धनलाभ हुनेछ । तर सोमवारदेखि परिस्थिति प्रतिकूल बन्ने देखिन्छ । काम रोकिनुका साथै पारिवारिक समस्याले सताउन सक्छ । आफन्ताले धोका दिनेछन् भने नजिकका साथीभाइ टाढिनाले दु:ख पाइनेछ ।	मकर	सुरुमा आयआर्जन राम्रो हुनेछ । व्यापारमा लाभांश बढ्नेछ भने उठ्नुपर्ने रकम हातलागी हुनेछ । सहयोगीहरू फेला पर्नेछन् । तर सोमवारदेखि रकम खर्च गर्नुपर्ने स्थिति आउनेछ । केही अप्ठ्यारा परिस्थितिसँग सम्झौता गर्नुपर्ला । फजुल खर्चका बीच कामको बोझ बढ्न सक्छ । आफन्तहरू टाढा हुनेछन् ।
मिथुन	प्रारम्भमा चुनौती पन्छाएर काम बनाउन सकिनेछ । विवाद तथा मुद्दाहरूमा पनि आफ्नो पक्ष बलियो रहनेछ । रोकिएको काम बन्नुका साथै नयाँ काम सुरु हुन सक्छ । प्रतीक्षा गरिएको उपलब्धि प्राप्त हुनेछ । व्यवसायका लागि यात्रा गर्ने अवसर जुर्न सक्छ । फजुल खर्च र विवादले अनायासै समस्या निम्त्याउन सक्छ ।	तुला	सुरुमा अध्ययनमा त्यति समय दिन नसकिएला । आक्षेप लगाउनेहरूले सताउन सक्छन् । आत्मसम्मानमा प्रश्न उठ्न सक्छ, गोपनीयतामा विशेष ध्यान पुऱ्याउनुहोला । मिहिनेत गर्दा सोमवारदेखि आँटेको काम बन्नेछ । पुरुषार्थी कामले धन र मानसमेत दिलाउनेछ । छोटो समयमा लक्ष्य प्राप्त गर्न सकिनेछ ।	कुम्भ	प्रतिष्ठित काम गरेर अवसर हात पार्ने समय छ । आय-आर्जन बढ्नुका साथै दिगो फाइदा हुने काम प्रारम्भ गर्न सकिनेछ । मिहिनेत गर्दा राम्रै अवसर पाइनेछ । आम्दानीका साथै कामको दायित्व पनि बढ्नेछ । बुधवारदेखि लाभांशको ठूलो हिस्सा खर्च हुन सक्छ । काम रोकिने सम्भावना रहेकाले दोहोऱ्याएर प्रयत्न गर्नुपर्ला ।
कर्कट	प्रारम्भमा अध्ययन र स्वास्थ्यको चिन्ताले सताउन सक्छ । सुरुमा काम रोकिए पनि सोमवारदेखि व्यापार र उद्योगमा फाइदा हुनेछ । प्रतिस्पर्धीहरू पनि पछि पर्नेछन् । मिहिनेतले जीवनशैलीमा परिवर्तन ल्याउन सकिनेछ । व्यवसायका लागि रमाइलो यात्रा गर्ने साइत जुर्न सक्छ । विभिन्न उपहार प्राप्त हुनाले मन प्रसन्न रहनेछ ।	वृश्चिक	इच्छाशक्ति बढ्नाले सुरुमा लक्ष्य प्राप्त गर्न सकिनेछ । सरल जीवनशैलीले धेरैको मन लोभ्याउन सक्छ । तर सोमवारदेखि परिस्थिति अलि असहज बन्न सक्छ । विवादमा पछि हट्दै बोली-व्यवहारमा सजग रहनुहोला । अरूको बहकाउमा पर्दा काम बिग्रन सक्छ । भौतिक साधनको कमीले पनि अप्ठ्यारो पर्न सक्छ ।	मीन	प्रारम्भमा व्यावहारिक कठिनाइ देखा पर्नाले चिताएको काम रोकिन सक्छ । स्वास्थ्यमा पनि कमजोरी अनुभूति हुनेछ । सोमवारदेखि स्थितिमा सुधार आउनुका साथै कर्मयोगले समाजमा स्थापित गराउन सक्छ । काम देखाएर उपलब्धि हातपार्ने समय छ । विशेष जिम्मेवारी वा नोकरी प्राप्त हुन सक्छ । विशिष्ट व्यक्तिसँग मित्रता बढ्नेछ ।

राष्ट्रिय समाचार

भेडापालन व्यवसाय संकटमा

कञ्चनपुर । चरन क्षेत्रको अभाव भएपछि जिल्लामा भेडापालन व्यवसाय संकटमा परेको छ । खुला चौरमा चरन मन पराउने भेडाका लागि चरन क्षेत्रको अभाव भएको हो। राष्ट्रिय वन क्षेत्रमा रहेका चौर, सामुदायिक वनमा र शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा रहेका चउरमा भेडा चराउन नपाइने भएपछि भेडापालन व्यवसायमा लागेका व्यक्ति पलायन हुन थालेका छन् ।

निकुञ्ज र सामुदायिक वनले चौरको संरक्षण गरी वृक्षरोपण गरेपछि भेडा चराउने कार्य पूर्णरुपमा बन्द भएको छ। भारतीय बजारमा भेडाको ऊन र मासु विगतमा निर्यात हुँदै आएको भए पनि हाल भेडापालन व्यवसाय खस्किँदै गएकाले व्यापार मा निकै कमी आएको छ ।

विशेष थारु समुदायले भेडा पालनलाई बढी जोड दिएको पाइन्छ। पिपलाडीका कल्छु चौधरीका अनुसार पहिले थारु समुदायका एउटै परिवार ले २०० देखि ५०० सम्म भेडा पाल्ने गरेका थिए। उपयुक्त वातावरण नहुँदा देउतालाई चढाउनका लागि मात्र भेडापालन गर्ने चलन छ । हाल भेडापालन गर्दै आएका परिवारसँग मुस्किलले चारदेखि छ वटासम्म भेडा रहेका छन् ।

भेडाको ऊन भारतीय व्यापारीले घरमै आएर लैजाने गरेका छन् । विगतमा भेडापालनमा लागेका परिवार ले वार्षिकरुपमा रु ३० हजारदेखि रु ७० हजारसम्म कमाउने गर्दथे । स्थानीयवासी वीरबहादुर चौधरीले भने, 'भेडाको संख्या घट्दै गएकाले भारतीय व्यापारी नआउँदा निकालिएको ऊनसमेत घरमै थन्क्याउन बाध्य छौं ।' भेडाको मासुको मूल्य कम पाउँदा भेडापालन व्यवसाय छाडेर अन्य व्यवसाय अपनाउन थालेको उनको भनाइ छ ।

चरन क्षेत्र पर्याप्त नहुँदा भेडापालन व्यवसाय संकटमा परेको छ । भेडापालन व्यवसायले फड्को मार्न नसकेको पशु विकास कार्यालयका वरिष्ठ पशु विकास अधिकृत डा मदन सिंह धामीले बताए । सरकारी तवर बाट भेडापालनका लागि कुनै ठोस कार्यक्रम नल्याउनु र भेडाको मासु आम उपभोक्ताले नरुचाउने जस्ता कारणले समेत व्यवसाय संकटमा परेको हो । गत वर्ष भेडाको संख्या करिब आठ हजार रहेकोमा हाल उक्त संख्या घटेर छ हजार पुगेको छ । रासस

चमेलिया र स्थानीयबीचको सम्झौता ७ वर्ष वित्दा पनि कार्यान्वयन भएन

चमेलिया जलविद्युत् आयोजना को काम थालिनी गर्दा स्थानीय वासीहरुसँग ७ वर्ष अघि भएको सम्झौता कार्यान्वयन हुन सकेको छैन ।

आयोजनाको अडिट टनेल नम्बर २ को काम सञ्चालन गरि एका बेला बारिलका स्थानीयवासीले खानेपानी तथा सिचाइँ मुहानहरु सुकेका भन्दै आन्दोलित भएपछि माग सम्बोधन गर्ने प्रतिबद्धता सहित २०६७ सालमा सम्झौता गरिएको थियो ।

शैल्यशिखर नगरपालिका-१ शिखरको बारिलस्थित अडिट टनेल नम्बर २ को सुरुङ खन्दा साविकको शिखर गाविसका वडा नम्बर १, २ र ३ का वस्तीहरुमा खानेपानी तथा सिचाइँका मुहानहरु सुकेको भन्दै आान्दोलन गरेका थिए ।

तर, ७ वर्ष बितिसक्दा समेत आयोजनाले सम्झौता कार्यान्वयन नगरेको स्थानीयवासीको गुनासो छ । सुरुङ भन्दा माथिका वस्तीहरुमा पानीका मुहान सुकेपछि त्यस क्षेत्रका झण्डै ५०० घरधुरी प्रभावित भएको भन्दै आयोजनाको काम समेत अबरुद्ध पारेका थिए ।

आयोजनाको काम नै अबरुद्ध पारेपछि तत्कालीन आयोजना निर्देशक केशबराज भट्ट, आयोजना प्रमुख राजेन्द्र मानन्धर, तत्कालिन दार्चुलाका प्रमुख जिल्ला अधिकारी कपिलदेव अधिकारी तथा शीर्ष दलका प्रतिनिधिहरु तथा स्थानीय वासीको सहभागितामा मौखिक र लिखित सम्झौता भएको थियो ।

२०६७ मंसिर २९ गते भएको नौ बुदें सम्झौतामा उल्लेख भएका कुनै पनि कुराहरु कार्यान्वयन नभएका लटीनाथ निमावि बारिलका प्रधानाध्यापक सुरेन्द्र बहादुर तितराले बताए ।

त्यतिमात्रै होइन आयोजनाको स्थलगत भ्रमणका लागि आएका तत्कालीन प्रधानमन्त्री प्रचण्ड, उर्जामन्त्री जनार्दन शर्मा लगायतका व्यक्तिहरुलाई समेत सम्झौतपत्रको फोटोकपि दिएको प्रधानाध्यापक सुरेन्द्र बहादुर तितराले बताए ।

उक्त सम्झौता पत्रमा सुरुङका कारण पानीका मुहान सुकेका वस्तीहरुमा खानेपानीको तत्काल अल्पकालीन व्यवस्थापन गर्ने, साथै उक्त वस्तीहरुमा भएको खानेपानी को समस्यालाई दीर्घकालीन अर्थात् स्थायी रुपमा आयोजनाले समस्या समाधान गर्ने, अडिट टनेल नम्बर २ बाट पीपल चौतरा तथा अडिट टनेल नम्बर २ बाट अडिट टनेल नम्बर १ रातोपुलसम्म सडक विस्तार गर्ने सम्झौता भएको थियो ।

त्यस्तै लटिनाथ निमावि बारिलको भवन र फिल्ड निर्माणका लागि पहल गर्ने, आयोजनालाई स्थानीय वासीले आवश्यक सहयोग पुऱ्याउने लगायतका नौं बुँदे सम्झौता भएको थियो ।

सम्झौताका बुदाँहरु कार्यान्वयन गर्न एक महिना भित्रै स्थानीय तथा आयोजनाबीचको बैठकद्धारा गर्ने सम्झौता भएपनि आयोजना प्रमुख हरु फेरिएपछि ९ बुँदे सम्झौता अन्योलमा परेको प्रधानाध्यापक तितराको भनाइ छ । आयोजनाको काम करिब अन्तिम चरणमा पुगेको छ ।

खारेज भएको जिविसको खातामा भेटियो साढे ७ अर्ब, साउनसम्म बढ्ने

संविधानतः निस्कृय भइसकेका तत्कालीन जिल्ला विकास समितिको खातामा झण्डै साढे ७ अर्ब रुपैयाँ रकम भेटिएको छ । यस वर्ष ढुंगा, गिट्टी, बालुवाको ठेक्काबाट उठेको रकम र घर जग्गा रजिस्ट्रेसन बापतको शुल्कसहित आगामी साउनसम्म यस्तो रकम २० अर्ब पुग्ने अनुमान छ ।

स्थानीय विकास मन्त्रालयले जिल्ला समन्वय समितिमार्फत रोक्का गरिएका खातामा रहेको रकमको विवरण मगाएको हो। केही जिल्लाको विवरण आउन बाँकी रहेको अवस्थामा ७ अर्ब ३२ करोड रुपैयाँ सञ्चित रहेको जानकारी आइसकेको मन्त्रालयका सचिव दिनेश थपलियाले जानकारी दिए ।

गत साउनबाट सरकारले जिल्ला विकास समितिहरुलाई आफ्ना खाताहरुमा रहेका रकम नचलाउन निर्देशन दिएको थियो । संविधानले विकासका सबै कामको जिल्ला स्थानीय तहलाई दिने र जिविसलाई समन्वय समितिको रुपमा मात्रै काम गर्ने व्यवस्था गरेको छ । त्यसैअनुरुप जिविसका खाताहरुमा रहेका रकम साउनबाट रोक्का भएको थिए ।

तत्कालीन जिविसका खातामा अझै पनि रकम जम्मा हुन छाडेको छैन । जिल्ला समन्वय समितिले ढुंगा, गिट्टी, बालुवा ठेक्कामा लगाएका रकमहरु कोषमा जम्मा हुँदै आएको छ । त्यस्तै घर जग्गा रजिष्ट्रेशनको रोयल्टी पनि ती खातामा जम्मा भइ रहेका छन् ।

अन्तर्राष्ट्रिय समाचार

स्पष्ट दृष्टिकोणसहित दक्षिण कोरियाले उत्तर कोरियासँग वार्ता गर्ने

दक्षिण कोरियाले उत्तर कोरियासँग स्पष्ट दृष्टिकोणसहित वार्ता निरन्तर जारी राख्ने जनाएको छ ।

उत्तर कोरियाले परमाणु कार्यक्रमलाई निरन्तरता थप समय उपयोग गर्न खोजेको चेतावनी विश्वव्यापी रुपमा आइरहे पनि दक्षिण कोरियाले भने वार्ताप्रति विश्वास देखाएको हो ।

दक्षिण कोरियाली विदेश मन्त्री गाङ ग्याङ ह्वाले विश्व परिवेशमा परमाणु संकटसँग जुध्न उत्तर कोरियामाथिको प्रतिबन्ध भने कायमै रहेको बताए ।

सबै विषयको व्यवस्थापन एकदमै ध्यान दिएर गर्नुपर्ने र गर्न सक्नेमा विश्वस्त छौं भन्दै विदेशमन्त्री ह्वाले समग्रमा यो एकदमै सकारात्मक परिस्थिति हो भने । खेलकुद, दक्षिण कोरिया र अन्तर्राष्ट्रिय समुदाय सबैका लागि पछिल्लो सहमति सकारात्मक रहेको पनि उनको भनाइ छ ।

यसअघि अमेरिकी विदेशमन्त्री रेक्स टिलर्सनले उत्तर कोरियाले सोल र उसका साझेदारहरुबीच फुट ल्याउने प्रयास गरिरहेको बताएका थिए ।

यसअघि उत्तर र दक्षिण कोरिया ले अर्को महिना हुने शीतकालीन ओलिम्पिकमा एउटै झण्डामुनी सँगसँगै मार्च गर्न सहमति गरेका थिए ।

दुई वर्षभन्दा बढी समयपछि दुई देशबीच भएको वार्तामा दुबै देशले संयुक्त आइस हकी टोली बनाएर प्रतिस्पर्धा गर्ने सहमति गरेका थिए ।

(एजेन्सी)

म्यानमारमा बौद्ध धर्मावलम्वीको प्रदर्शनमा प्रहरीले गोलो चलाउँदा सातजनाको मृत्यु

म्यानमारको रखाइन प्रान्त स्थित मराउके यूमा बुधबार बौद्ध धर्मावलम्बीहरुले गरेको प्रदर्शनमा प्रहरीले चलाएको गोली लागी सातजनाको मृत्यु भएको छ ।

अराकान राज्यको शासन पतन भएको स्मृतिमा कार्यक्रम गर्न करिब ४ हजार आदिवासी बौद्ध धर्मावलम्बीहरु त्यहाँ जम्मा भएका थिए ।

सो क्रममा धेरै प्रदर्शनकारी घाइते भएका छन् । मराउके यू अराकनको ऐतिहासिक राजधानी हो ।

प्रत्येक वर्ष स्थानीय रखाइन वासीले २०० वर्षअघि बर्मेली सेनाले तत्कालीन उक्त राज्यमा विजय हासिल गरेको मौका पारी स्मृति कार्यक्रम गर्ने गर्छन् । तर, यस वर्ष स्थानीय प्रशासनले कार्यक्रम आयोजना गर्न प्रतिबन्ध लगाएको थियो ।

म्यानमार विभिन्न आदिवासी समूह बसोबास गर्ने मुलुकमा पर्छ । यस्ता केही समूह सरकार सँग सशस्त्र संघर्षमा उत्रिएका छन् ।

रखाइन प्रान्तमा रोहिंग्या र सेनाबीचको संघर्षका कारण ६ लाख ५० हजारभन्दा बढी रोहिंग्या बंगलादेश पलायन भएका छन् ।

मंगलबार मात्र लागि बंगलादेश र म्यानमारबीच रोहिंग्या मुस्लिम शरणार्थी म्यानमार फर्काउने समय तालिकामा सहमति भएको थियो । (एजेन्सी)

६५ अर्ब डलर सहयोग कटौती

अमेरिकाले संयुक्त राष्ट्रसंघीय सहायता कोषमार्फत प्यालेस्टाइन लाई दिन लागिएको ६५ अर्ब डलर सहयोग कटौती गरेको छ ।

प्यालेस्टाइनलाई दिने भनिएको १ सय २५ अर्ब डलरमध्ये अब जम्मा ६० अर्ब डलर मात्र दिने अमेरिकी अधिकारीहरुले बताएका छन् ।

राष्ट्र संघका अधिकारीहरुले भने अमेरिकाको पछिल्लो कदमले हजारौं प्यालेस्टाइनी प्रभावित हुने बताएका छन् । यसअघि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले प्यालेस्टाइनले इजरायलसँगको शान्ति वार्ता अस्वीकार गरे सहायता रकम कटौती गर्ने घोषणा गर्नुभएको थियो ।

फेसबुकमा राष्ट्रपतिको विरोध गर्ने युवालाई १८ महिनाको जेल सजायँ

इन्डोनेसियामा सामाजिक सञ्जाल फेसबुकमा राष्ट्रपतिको विरोध गरेको आरोपमा एक युवालाई १८ महिनाको जेल सजाय सुनाइएको छ ।

इन्डोनेसियाको सुमात्रा निवासी १८ बर्षिय एक युवाले नक्कली आइडी मार्फत राष्ट्रपति जाको विडोडोलाई गाली गलौज गरेको पाइएपछि उनलाई पक्राउ गरी जेल सजाय सुनाइएको हो ।

उनले फेसबुकमार्फत आफूलाई हिम्मत भए पक्राउ गर्न सुरक्षाकर्मीलाई चुनौतीसमेत दिएका थिए ।

उनको पक्राउले सामाजिक सञ्जाल प्रयोग गर्नेहरु समेत सचेत भएका छन् । पक्राउका क्रममा ती युवाले आफ्नो गल्ती स्वीकार गर्दै सजाय भोग्न तयार रहेको प्रतिक्रिया दिएका थिए ।

(एजेन्सी)

इजरायल र भारत दुवैमाथि अतिवादीको चुनौती

इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले इजरायल र भारत दुवैले मुसलमान अतिवादी को चुनौती सामना गरिरहेको बताएका छन् । प्रधानमन्त्री नेतान्याहुले दुवै प्रजातन्त्रवादी देशले मुसलमान अतिवादीद्वारा हुने हानीविरुद्ध सुरक्षा साझेदारीलाई थप मजबुत बनाउने विषयमा पनि छलफल गरिरहेको सुरक्षासम्बन्धी एक सम्मेलनमा बताएका छन् ।

नेतान्याहु १५ वर्षपछि भारत को भ्रमण गर्ने पहिलो इजरायली प्रधानमन्त्री बनेका छन् । ६ दिने भारत भ्रमणमा क्रममा आइतबार नेतान्याहु भारत पुगेका हुन्। भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले इजरायल ले आतंकवादसँग लडेको भन्दै नेतान्याहुको प्रशंसा गर्दै आएका छन् । भारतले पेट्रोलियम पदार्थ आयात गर्ने अरब राष्ट्र र भारतको मुसलमान अल्पसंख्यकको धारणा लाई मध्यनजर गर्दै दशकौंदेखि इजरायलसँग समदुरी कायम गरेको थियो । तर मोदीको प्रधानमन्त्री कालमा भने दुवै पक्षले सुरक्षा र अर्थतन्त्रमा आधारित भएर नजिकको सम्बन्ध कायम गरेका छन्। अति दक्षिणपन्थी नेता नेतान्याहुले सुरक्षा सम्मेलनमा इजरायल र भारत दुवै प्रजातन्त्र प्राकृतिक आकर्षण सहितको राष्ट्र भएको तर दुवैको खुला र उदारवादी समाजले खतराको सामना गरिरहनु परेको छ ।

नागरिक तहमा सुरक्षालगायत सबै इजरायलको भ्रमण गर्ने मोदी भारतका पहिलो प्रधानमन्त्री हुन् ।

मनोरञ्जन विशेष

प्रदिपको जवाफ, ह्यमुर कि व्यंग्य

नायक प्रदिप खड्का जति चर्चामा छन्, त्यति नै विवादमा पनि मुछिन थालेका छन्। चलचित्र 'लिलिबिली' मा २२ लाख पारिश्रमिक लिएपछि चर्चासँगै विवादमा मुछिएका प्रदिप सोहि चलचित्रको पत्रकार सम्मेलनमा ४ जना बडिगार्डसहित पुग्दा फेरि विवादित बने ।

उनै, प्रदिप 'लिलिबिली' चलचित्रको गीत सार्वजनिक कार्यक्रमपछि फेरि विवादमा मुछिएका छन्। हुनत, चलचित्रमा लागेका कलाकारहरुले चर्चाकै लागि पनि विवादस्पद कुरा बोल्ने गरेका छन् ।

सोमबार आयोजना भएको पत्रकार सम्मेलनमा प्रदिपले केहि जवाफहरु दिए । जुन जवाफमा उनको 'सेन्स अफ ह्यूमर त झल्किएको थियो नै साथमा ब्यंग्य पनि ।'

चलचित्र 'लिलिबिली'मा आफू भन्दा केहि उमेरले जेठी नायिका सँग काम गरेको प्रश्न पत्रकारले सोधेपछि प्रदिपले आफूले कहिल्यै पनि नायिकाहरुको बिषयमा निर्माण टिमलाई सल्लाह दिने नगरेको बताए। उनले भने- 'म कहिले पनि त्यो सल्लाहा दिन्नँ । हिरोइन छान्ने कुरामा पनि मैले कहिल्यै सल्लाह दिन्नँ । तपाइहरुले पहिले-पहिले मैले काम गरेका नायिकाहरु पनि देख्नुभएकै हो, म कहिल्यै त्यसमा सल्लाह दिन्नँ भनेर ।'

चलचित्र 'लिलिबिली'को पत्रकार सम्मेलनमा ४ जना बडिगार्ड सहित उपस्थित भएका प्रदिप गीत सार्वजनिक कार्यक्रममा भने सामान्य रुपमा नै उपस्थित भए । एक पत्रकारले प्रश्न सोधे- 'खै त बडिगार्ड' । यसमा उनले हाँस्दै जवाफ दिए-'मलाई थाहा थियो यो प्रश्न आज आउँछ भनेर । अस्तीको समयमा बडिगार्ड देखेर केहि मानिसहरु डराउनुभयो । यसैले आज मैले पार्किङमा नै छाडेर आएको छु। केहि बडिगार्ड त सिभिल ड्रेसमा पनि घुमिरहनु भएको छ ।' यसमा उनको 'सेन्स अफ ह्युमर' देखियो ।

साली मरिष्काको भेना विल्सन

मानवीय संवेदनामाथि निर्माण हुन लागेको चलचित्र 'साली कस्को भेनाको' छायांकन सुरु भएको छ । मुभिङ पिक्चर्स प्रालिको ब्यानर मा निर्माण हुन लागेको चलचित्रको निर्देशन भद्र भुजेलले गर्दैछन् । चलचित्रका प्रस्तुतकर्ता प्रसाद श्रेष्ठ हुन् ।

मंगलबार चितवनमा शुभ मुहुर्त गर्दै चलचित्रको छायांकन प्रारम्भ गरिएको हो । यो चलचित्रको छायांकन चितवन र धम्पुसमा हुनेछ । पुष्प आचार्यको कथा रहेको चलचित्रमा प्रसाद श्रेष्ठ, सुरज शाही ठकुरी र मिन घलानको संगीत छ ।

चलचित्रमा विल्सन विक्रम राई, सुष्मा कार्की, मरिष्का पोखेल, वृद्धि तामाङ, रवि गिरी, विरेन श्रेष्ठ, प्रिया रिजाल, जयनन्द लामा, कविता आले, मिन घलानको अभिनय छ । यो चलचित्रबाट देव सागर बीसी चलचित्र क्षेत्रमा प्रवेश गर्दैछन् ।

मगर जातीको संकृतिमा साली र भेनाको सम्बन्धलाई लिएर यो चलचित्र निर्माण हुन लागेको हो । दिर्घ गुरुङको छायांकन रहने यो चलचित्रमा बसन्त श्रेष्ठ, गम्भिर बिष्ट र सुमित लामाको नृत्य, र वि बराली र प्रकाश कर्मचार्यको एक्सन रहनेछ । विशाल श्रेष्ठ, उमेश अधिकारी र मुक्ति अधिकारी यसका निर्माता हुन् ।

के बोल्ड बन्दैछिन् वेनिशा?

चलचित्र 'झ्यानाकुटी' मा 'मालती बिष्ट' को भूमिका निर्वाहा गरेकी नायिका वेनिशा हमालले रिलिज हुन लागेको चलचित्र 'ब्लाइन्ड रक्स' मा दृष्टिबिहिन श्रृष्टी केसीको भूमिका निर्वाहा गरेकी छिन् ।

दुबै चलचित्रमा सामान्य यूवतीको भूमिकामा देखिएकी वेनिशा अहिले सामाजिक संजालमा बोल्ड देखिन थालेकी छिन्। हुनत, पछिल्ला केहि चलचित्रका कार्यक्रममा पनि वेनिशाको पहिरनले त्यो झल्को दिएको थियो ।

सामाजिक संजालमा उनले पोष्ट गरेका तस्बिर बोल्ड छन् । एउटा कुरा सत्य के हो भने, बोल्ड तस्बिरले मिडियामा बढी स्थान पाउने गरेका छन् । सायद, वेनिशाले पनि ढिलै भएपनि यो कुरा बुझेको हुनुपर्छ ।

हामीले वेनिशाको फेसबुक बाट लिएका केहि तस्बिर हेर्दा, उनी हट देखिएकी छिन् । के चलचित्रको पर्दामा पनि वेनिशाले अब आफ्नो बोल्ड शैलीलाई अगाडि बढाउलिन् त ? प्रतिक्षा गरौं ।

अनमोल के.सी.को ब्राण्ड भ्यालु कति?

नायक अनमोल केसी मात्र नेपाली चलचित्र क्षेत्रका एक यस्ता सुपरस्टार हुन्, जसले नायक राजेश हमालपछि आफ्नो महंगो ब्राण्ड भ्यालु बनाउन सफल छन्।

यदि, नेपालका ठूला कम्पनीका विज्ञापनमा सबैभन्दा धेरै अभिनय गर्ने नायक कोही थिए भने ती राजेश हमाल थिए। राजेश हमालपछि अन्य केही कलाकारले विज्ञापनमा काम त गरे, तर उनीहरुले एउटा उच्च स्तरको ब्राण्ड भ्यालु बनाउन सकेनन्। नायिकाको हकमा प्रियंका कार्की अहिले सबैभन्दा धेरै विज्ञापनमा देखिएकी छिन् ।

पछिल्लो समय उदाएका नायकहरुले पनि विज्ञापनमा आफ्नो उपस्थिती जनाइरहेका छन्। बलिउडका कलाकार हाबी भएको नेपाली विज्ञापन बजारमा विस्तारै नेपाली कलाकार हाबी हुन थालेको प्रष्ट छ ।

ब्राण्ड प्रमोशनका लागि धेरै अफर आएपनि निकै कममा मात्र काम गर्ने नायक हुन्, अनमोल केसी । नायक अनमोल केसीले चलचित्र 'ड्रिम्स' को रिलिजको समयमा एउटा विज्ञापनमा महंगो पारिश्रमिक पाउँदा पनि काम गरेका थिएनन् । त्यसको मुख्य कारण, सो विज्ञापन 'ड्रिम्स' भन्दा पहिले नै बजारमा सार्वजनिक हुँदै थियो ।

अनमोलले आजसम्म २ वटा मात्र विज्ञापनमा काम गरेका छन्। उनले, केही समय अगाडि एउटा प्रोस्टाइलको विज्ञापनमा काम गरेका थिए। सो विज्ञापनमा काम गरेको उनले १० लाख पारिश्रमिक लिएका थिए ।

अहिले, फेरि अनमोल 'बेनेली' नामको बाइकको ब्रान्ड एम्ब्यासडर बनेका छन् । यो बाइकको प्रमोशन गरेवापत नेपालका सुपरस्टारले १० लाख पारिश्रमिक लिएको बुझिएको छ । अनमोल बाइकको सौखिन भएकाले पनि उनले यो विज्ञापनमा काम गरेको प्रष्ट हुन्छ । अनमोलसँग ३ वटा महंगा बाइक छन्। बाबु भूवन कारमा हिडेपनि अनमोल भने बाइकका सौखिन हुन् ।

चलचित्रमा २० लाख पारिश्रमिक लिएर सवाधिक महंगा नायक बनेका अनमोल अहिले ५० लाखमा काम गर्न तयार भए मात्र भनेपनि निर्माता तिर्न तयार छन्। यसैले, अनमोललको ब्रान्ड भ्यालु महंगिदै गएको प्रष्ट छ। मिडिया र दर्शकमाझ निकै कम आउने सुपरस्टारले अफर आएका सबै ब्रान्डका विज्ञापनमा आफूले काम नगरेको बताउँछन् ।

उनी अभिनित चलचित्र 'कृ' माघ २६ गतेबाट रिलिज हुँदैछ ।

कति रुचाईयो प्रदिप र जसिताको रोमान्टिक प्रेम

सोमबार दिउँसो सार्वजनिक भएको चलचित्र 'लिलिबिली' को प्रेमगीतलाई युटुबमा रुचाइएको छ । मिलन चाम्स निर्देशित चलचित्रको 'इज इट लभ' बोलको गीतलाई दर्शकले सकारात्मक प्रतिक्रिया समेत दिएका छन् । सार्वजनिक भएको २ दिनमा करिब ७ लाख पटक हेरिएको यो गीत नेपालमा युटुब ट्रेन्डिङको पहिलो स्थानमा समेत बस्न सफल भएको छ ।

स्कटल्याण्डको रमणिय स्थानमा खिचिएको यो गीतको भिडियोमा चलचित्रका मुख्य कलाकार प्रदिप खड्का र नव-नायिका जसिता गुरुङलाई फिचरिङ गरिएको छ ।

कविराज गहतराजले कोरियो ग्राफी गरेको गीतलाई सुदिप बरालले खिचेका हुन्। विशेषगरि, भिडियोको दृश्यलाई खुबै रुचाइएको छ । वैशाख १४ गतेबाट रिलिज हुने चलचित्रलाई गोविन्द शाही र सुदिप खड्काले मिलेर बनाएका हुन् ।

प्रो पुरन नेपाली
मो. ९८४५१३९११६
मो. ९८४५२४२७५२

न्यू पुरन काष्ठ फर्निचर उद्योग
रत्ननगर न.पा.-१३, चितवन, नेपाल

हाम्रो सेवाहरु
हामी कहाँ विभिन्न डिजाइनका आधुनिक फर्निचरका सामान सुपथ मूल्यमा पाइनुका साथै अर्डर अनुसारका फर्निचर, झ्याल, ढोका तयार पारिन्छ ।

महत्त्वपूर्ण टेलिफोन नम्बरहरु

आकस्मिक सेवा	
प्रहरी कन्ट्रोल कक्ष	१००/०५६-५२०१५५
दमकल सेवा	
दमकल भरतपुर मनपा	०५६-५२१०८३
दमकल रामग्राम नगरपालिका	०५६-५२०१०१
एम्बुलेन्स सेवा	
नेरेसो, चितवन	०५६-५२०१३३/५२०८८०
क्षयरोग निवारण संस्था चितवन	९८४५०६७४००
टाँडी रत्ननगर पोलिक्लिनिक प्रा. लि.	०५६-५६११७२
टाँडी पञ्चकन्या पोलिक्लिनिक प्रा. लि.	०५६-५६१३९०
हो.व्य.संघ, रत्ननगर	०५६-५६१२००
गुणराज स्मृति, रनपा	०५६-५६०२०१
जनक प्रतिष्ठान, पर्सा	०५६-५८२१९५
कुमरोज	०५६-५८२६८५
मातृभुमि, पर्सा	९८४५०५१३८६
नेरेसो, खैरहनी	०५६-५८२७२८
नेरेसो, पिठुवा	०५६-५६१२७४
नेरेसो, खोलेसिमल	०५६-५६११३३
नेरेसो, शक्तिखोर	०५६-६२०४४५
नेरेसो, भण्डारा	०५६-५५०१३३
भरतपुर मेडिकल कलेज	०५६-५२८८०९
आशा अस्पताल	०५६-५२५५५५/५६
क्यान्सर अस्पताल	०५६-५२४५०१
चितवन अस्पताल	०५६-५२७५७२/५२७१०१
ओम-अस्पताल	०५६-५२७६७३
नारायणी सामुदायिक अस्पताल	०५६-५२७६७३
प्रशासनिक निकाय	
जि.प्र.का., चितवन	०५६-५२०१०५
जि.वि.स., चितवन	०५६-५२०१४७
भरतपुर म.न.पा., चितवन	०५६-५२१४६७
रत्ननगर न.पा., चितवन	०५६-५६०३४३
विद्युत् प्राधिकरण, भरतपुर	०५६-५२०१६६
विद्युत प्राधिकरण, परासी	०७८-५२०११५
सुरक्षा निकाय	
जिल्ला प्रहरी, चितवन	०५६-५२०१५५
जिल्ला प्रहरी, नवलपरासी	०७८-५२०१९९
ट्राफिक प्रहरी, चितवन	०५६-५२४८९९
इलाका प्रहरी, रत्ननगर	०५६-५६०१९९
वडा प्रहरी, नारायणगढ	०५६-५७११४६
सशस्त्र बेस क्याम्प, भण्डारा	०५६-५५०१९९
स्वास्थ्य संस्था	
भरतपुर अस्पताल	०५६-५२०१११
भरतपुर सेन्ट्रल हस्पिटल	०५६-५२४२२२
क्यान्सर अस्पताल	०५६-५२४५०१
आँखा अस्पताल	०५६-५२०३३३
सिएमएस मेडिकल कलेज	०५६-५२५०१२/१३
नारायणी सामुदायिक अस्पताल	०५६-५२५५१७
भरतपुर सा. अस्पताल	०५६-५२३२००
चितवन मेडिकल कलेज	०५६-५३२९३३
रक्तसंचार केन्द्र, भरतपुर	०५६-५२०८८०
सञ्चार माध्यम	
रत्ननगर आवाज	०५६-५६२७५८
कायाकैरन दैनिक	०५६-५३३१६६
पत्रकार महासंघ, चितवन	०५६-५६२६५०
सिनर्जी एफ.एम., भरतपुर	०५६-५२३९१६
कालिका एफ. एम., भरतपुर	०५६-५२७१५८
हाम्रो एफ.एम., भरतपुर	०५६-५३२९९७
रेडियो चितवन, रत्ननगर	०५६-५६२५६७
रेडियो त्रिवेणी, भरतपुर	०५६-५३३१४१
रेडियो अर्पण, रत्ननगर	०५६-५६३३३०
रिलेशन एफएम, रत्ननगर	०५६-५६३२४६
अभियान टलिभिजन, भरतपुर	०५६-५२५७७४
बेसो टेलिभिजन, क्षेत्रपुर	०५६-५२७४५५
नमस्ते टेलिभिजन	०५६-५२३५८५
चितवन पोष्ट दैनिक	०५६-५७१४९२
पारदर्शी दैनिक	०५६-५७१२८०
लोकतन्त्र सन्देश दैनिक	०५६-५२६५५४
उज्यालो एक्सप्रेस साप्ताहिक	०५६-५२४३७७
नमस्ते विहानी	९८५५०८०५४४
चितवन खबर साप्ताहिक	०५६-५२६१४०
चित्रवन सन्देश	०५६-५२४३४२
आक्रमण साप्ताहिक	९८४५०२४२१०
कान्तिपुर दैनिक	०५६-५३१३००
अन्नपूर्ण पोष्ट पोष्ट दैनिक	९८४५०४८९६९
नागरिक दैनिक	९८४५०४८४५१

रत्ननगर मोटरसाईकल वर्कशप
र.न.पा.-२, टाँडी, चितवन

प्रो. ललन चौधरी
९८४५५२२५१५
YAMAHA HONDA BAJAJ
हामी कहाँ सबै किसिमको मोटरसाईकल सर्भिसिङ्ग गरिनुका साथै स्पेयर पार्ट्स सुपथ मूल्यमा पाइन्छ ।

प्रेम दिवसमा सौराहामा फुड फेस्टिवल

प्रेम दिवसको अवसर पारेर पर्यटकीय क्षेत्र रत्ननगर स्थित सौराहामा आयोजना गर्न लागिएको सौराहा फुड फेस्टिवलको तयारी सुरु भएको छ । फेष्टिवल आउन करिव एक महिना रहेको अवस्थामा आयोजक रेष्टुरेण्ड एण्ड वार एसोसियसन नेपाल सौराहा (क्षेत्रीय रेवान) ले फुड फेस्टिवलको तयारी सुरु गरेको हो । क्षेत्रीय रेवान सौराहाको आयोजनामा प्रत्येक वर्ष यो फेस्टिवल हुँदै आएको छ । यस पटक हुन लागेको फेस्टिवल १२ औं संस्करणको हो । प्रेम दिवस मनाउन सौराहा आउने युवायुवती लाई केन्द्रित गरी रेवानले यो दिवसको अवसर पारेर सौराहा फुड फेष्टिबलको आयोजना गर्दै आएको छ । फेस्टिवल सफलता पूर्वक सम्पन्न गर्नका लागि आयोजक ले स्थानीय सरोकारवाला संघसंस्था हरुसँग छलफल र अन्तर्क्रिया सुरु गरेको क्षेत्रीय रेवानका अध्यक्ष गोकर्ण गिरीले जानकारी दिए । फेस्टिवलकै लागि एक मुल समिति सहित २५ वटा उप समिति गठन गरी तयारी थलिएको क्षेत्रिय रेवानका अध्यक्ष गिरीले बताए । यही माघको २८ गतेदेखी फागुन ३ गते सम्म सो फेस्टिवल चल्नेछ । फेष्टिबलमा ७० वटा भन्दा बढी खानाका स्टलहरुमा स्वदेशी तथा विदेशी खानाका परिकारहरु राखिने फेस्टिवलका संयोजक कपिल रेग्मीले जानकारी दिए । फेष्टिवलमा व्यवसायीहरुले खाना र आवासमा १५ प्रतिशत छुट, साना पर्यटन व्यवसायी समूहसँग सहकार्य गरेर व्यवसायीहरुले सामान खरिदमा ३० प्रतिशत छुट र हात्ती सफारीमा पनि छुट दिने तयारी छ । थारू संस्कृतिको संरक्षणको लागि फेष्टिबलमा परम्परागत थारू समुदायका खाना र सांस्कृतिक नृत्य प्रस्तुत गरिने छ । यस्तै फेष्टिबलमा रेष्टुरेण्ट कर्मचारीबीच वेटर रेस, प्रेमपत्र लेखन, रत्यौली गीत, भजन चुड्का र बालबालिकाबीच बेलुन फुटाउने प्रतियोगिता समावेश गरिने संयोजक रेग्मीले बताए । फेष्टिवलमा खानाका परिकारसँगै चर्चित राष्ट्रिय गायक गायिकाहरुको प्रस्तुति रहने साँस्कृतिक उपसमितिका संयोजक नविन नेपालले जानकारी दिए ।

कुमरोज मध्यवर्ती सामुदायिक वनद्वारा पर्यापर्यटनबाट रू. ६० लाख आम्दानी गर्न सफल

पूर्वी चितवनको कुमरोज मध्यवर्ती सामुदायिक वनले पर्या पर्यटनबाट रु ६० लाख आम्दानी गर्न सफल भएको छ । सौराहा नजिकै रहेको उक्त सामुदायिक वन चितवन राष्ट्रिय निकुञ्जसँग जोडिएको छ । पर्यटकले सौराहामा पाउने सुविधा उक्त वनमा समेत पाउँदै आएका छन् । आम्दानीको स्रोत हात्ती सफारी, जिप सफारी, डुंगा शयर, मचान लगायत हो । उक्त सामुदायिक वनले एक वर्षमा पर्यापर्यटनबाट रु ५९ लाख ९६ हजार आम्दानी गरेको सामुदायिक वनका कार्यालय सचिव भरतप्रसाद नेपालले जानकारी दिनुभयो ।

गएको एक वर्षमा जिप सफारी बाट मात्रै वनले रु ३० लाख ५१ हजार आम्दानी गरेको छ । हाल कुमरोज सामुदायिक वनमा दैनिक ३० वटा जिप सञ्चालनमा छन् । जिपमा बसेर जंगली जनावर गैंडा, बाघ, भालु हात्ती अवलोकन गर्न यहाँ पर्यटक आउँछन् ।

जिप प्रवेशबापत सामुदायिक वनले प्रतिजिप रु ५०० लिने गरेको छ भने नेपाली पर्यटकलाई प्रति व्यक्ति रु ५०, भारतीयलाई रु १०० र अन्य विदेशीलाई रु २०० लिने गरेको कुमरोज सामुदायिक वनका अध्यक्ष हीरा बहादुर गुरुङले जानकारी दिनुभयो।

हात्ती प्रवेश टिकट बिक्रीबाट रु १३ लाख ७५ हजार आम्दानी गरेको वनका अध्यक्ष गुरुङले बताउनुभयो। डुंगा सवारबाट रु. सात लाख ४८ हजार, मचान टिकट बिक्री विदेशीबाट रु पाँच लाख ३१ हजार, सोही शीर्षकमा नेपाली पर्यटकबाट रु ९४ हजार आम्दानी भएको छ । कुमरोज वनमा एउटा काठ र अर्को क्रंकिटको मचान छ ।

यस्तै आन्तरिक पर्यटक प्रवेश शुल्कबापत रु एक लाख ४५ हजार, गिट्टी बालुवा बिक्रीबाट रु छ लाख तीन हजार आम्दानी भएको छ । आर्थिक प्रतिवेदन अनुसार आव २०७३/७४ मा यस वनले रु ६९ लाख १९ हजार आम्दानी गरेको वनले जनाएको छ ।

दिउँसो पनि सवारी सञ्चालनमा रोक लगाउने नारायणगढ-मुग्लिन सडक आयोजनाको तयारी

राजधानी जोड्ने लाइफलाइनको रुपमा रहेको नारायणगढ मुग्लिन सडकखण्ड आयोजनाको स्तरोन्नती कार्यलाई तीव्रता दिने भन्दै रातीको समयमा यातायात सञ्चालनमा रोक लगाएर काम अघि बढाइए पनि सो काम प्रभावकारी भने हुन सकेको छैन । सडक विस्तारको कामलाई तीव्रता दिन भन्दै गत पौष १८ गतेबाट रातको समयमा सवारी सञ्चालनमा रोक लगाई काम गरिदै आएको छ । रातको समयमा सवारी सञ्चालन गर्न रोक लगाएसँगै दिउँसो घण्टौं जाममा बस्नुपर्ने बाध्यता सर्वसाधारण मा छ । प्रभावकारी ढङ्गले काम अघि बढाउन नसकेपछि आयोजना ले दिउँ सो पनि सवारी सञ्चालन मा रोक लगाई कामलाई तीव्रता दिने गरी गृहकार्य थालेको आयोजना का इन्जिनियर शिव खनालले बताउनुभयो । रातको समयमा ट्राफिक व्यवस्थापन थप कठिन भएकाले कामले गति लिन नसकेको बताउदै खनालले स्थानीय निकायसँ ग छलफल गरी केही दिनभित्रै सो समस्याको समाधान खोज्ने उल्लेख गर्नुभयो ।

हालसम्म आयोजना अन्तर्गतको ७१ दशमलव २ प्रतिशत काम सम्पन्न भएको खनालको दावी छ । पौष १८ देखि हिजोसम्मको कार्य प्रगति भने १ दशमलव ५ प्रतिशत मात्रै छ । भित्ता काटेर पर्खाल लगाउने काम ९० प्रतिशत र १४ दशमलव ७ किलोमिटर कालोपत्रे गर्ने काम सम्पन्न भइसकेको खनालले बताउनुभयो । २ अर्ब ९० करोड कुल लगानीमा सम्पन्न गर्ने गरी सुरु सडक विस्तारका लागि हालसम्म २ अर्ब ६४ करोड ८० लाख खर्च भइसकेको छ । २ वर्षमा सम्पन्न गर्नेगरि सन् २०१५ मा सुरु गरिएको सो आयोजना निर्माणमा भईरहेको ढिलाईका कारण हजारौं यात्रुले सास्ती खेप्दै आएका छन् ।

१४ जना संरक्षणकर्मी सम्मानित, खैरहनीमा पर्यटन विकासका लागि डेढ करोड

खैरहनी नगरपालिका स्थित कुमरोज मध्यवर्ती सामुदायिक वनले संरक्षणको क्षेत्रमा योगदान गरेवापत १४ जनालाई सम्मान गरेको छ । वनको बुधवार आयोजित ११ औं वार्षिक साधारण सभा तथा छैठौं अधिवेशनमा संरक्षणमा योगदान पुऱ्याएका चितवन राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत रामचन्द्र कँडेलसहित १४ जनालाई सम्मान गरेको हो । कार्यक्रममा प्रमुख संरक्षण अधिकृत कँडेलसहित सहायक संरक्षण अधिकृत अभिनय पाठक, नेचर गाईडहरु विमिता भण्डारी, एककृष्ण श्रेष्ठ, धनलाल तामाङ, जीप चालकहरु मेघवहादुर जिसी, जीवन कुमाल, विक्रम तामाङ लगायतलाई कार्यक्रमका प्रमुख अतिथी प्रदेश सभा सदस्य खनाल र वनका अध्यक्ष हिरावहादुर गुरुङले दोसल्ला ओढाएर सम्मान पत्रले सम्मान गरेका थिए । त्यस्तै आफ्नो सेवा क्षेत्र भित्रका ७ वटा विद्यालयका गरिव, विपन्न विद्यार्थीका लागि सहयोग रकम हस्तान्तरण गरेको छ । वनका कार्यालय सचिव भरतप्रसाद नेपालका अनुसार कपिया माध्यमिक विद्यालय, गवै माध्यमिक विद्यालय, जनकपुर निम्न माध्यमिक विद्यालय, दिव्यज्योती निम्न माध्यमिक विद्यालय, धर्मेश्वर निम्न माध्यमिक विद्यालय, साना किसान प्राथमिक विद्यालय र सेतो गुरास वाल विकासलाई एक लाख रुपैया प्रदान गरिएको हो । कार्यक्रममा प्रस्तुत गरिएको आर्थिक प्रतिवेदन अनुसार आर्थिक वर्ष २०७३/७४ मा यस वनले ६९ लाख १९ हजार रुपैया आम्दानी गर्नुका साथै ६५ लाख ३६ हजार रुपैया खर्च भई कुल ३ लाख ८३ हजार रुपैया वचत भएको छ । आर्थिक वर्ष २०७३/७४ मा पर्यापर्यटनबाट मात्रै ५९ लाख ९६ हजार रुपैया आम्दानी भएको छ । कुमरोज सामुदायिक वनका अध्यक्ष हिरावहादुर गुरुङको अध्यक्षतामा भएको सो कार्यक्रममा खैरहनी नगरपालिकाका मेयर लालमणी चौधरी, मृगकुञ्ज मध्यवर्ती उपभोक्ता समितिका अध्यक्ष वासु ढुंगाना, वुढीराप्ती उपभोक्ता समितिका अध्यक्ष नारायणदत्त तिमल्सीना, उपभोक्ताहरु गीतानाथ अर्याल, रेवती उप्रेती, वनका सचिव कल्याण लटौला लगायतले मन्तव्य राखेका थिए । कार्यक्रममा मन्तव्य राख्दै खैरहनी नगरपालिकाका मेयर लालमणी चौधरीले खैरहनी नगर भित्र पर्यटन विकासका लागि डेढ करोड भन्दा वढि रकम विनियोजन गरेर काम भईरहेको वताए । खैरहनीको पर्यटकिय क्षेत्र कुमरोज, कठार, कंकाली सामुदायिक वनमा पुर्वाधार निर्माणका लागि १ करोड ७० लाख भन्दा वढि वजेट विनियोजन गरिएको जानकारी दिए ।

दिपक मनाङ्गेलाई ५ वर्ष जेल सजायँ

सर्वोच्च अदालतले ज्यान मार्ने उद्योगमा दीपक मनाङ्गेलाई ५ वर्ष जेल सजाय गर्ने तत्कालीन पुनरावेदन अदालतको फैसला सदर गरेको छ । डन दीपक मनाङ्गे प्रदेशसभा चुनावमा मनाङ 'ख' बाट प्रदेश सभा सदस्य विजयी भएका छन् । एमालेले टिकट नदिएपछि उनी स्वतन्त्र उम्मेदवार बनेका थिए । पछि एमालेको समर्थनमा विजयी भए । तर, प्रदेशसभा सदस्यको सपथ नलिँदै उनी ज्यानमुद्दामा दोषी ठहर भएका छन् र उनको पद गएको छ । सर्वोच्चको आदेशसँगै कांग्रेस नेता समेत रहेका डन गणेश लामासहित चार जनाले सफाइ पाएका छन् । दीपक मनाङ्गेको समूहले २०६१ सालमा अर्का डन मिलन चक्रे भनिने मिलन गुरुङलाई तरबार हानेको थियो । प्रहरीले मनाङ्गे समूहविरुद्ध कर्तव्य ज्यान मुद्दा दर्ता गर्यो तर, जिल्ला अदालत काठमाडौंले कर्तव्य ज्यान नभई कुटपिट भएको ठहर गर्दै मनाङ्गेलाई २ वर्ष जेल सजाय सुनायो भने गणेश लामा, रेवत कार्की, रमेश सुनुवार र उमेश लामालाई सफाइ दियो । त्यो फैसलाविरुद्ध सरकारी वकिलको कार्यालय पुनरावेदन अदालत पाटन गयो । अदालतले २०६९ मा ज्यानमुद्दा ठहर गर्दै मनाङ्गलाई ५ वर्ष जेल सजाय सुनायो भने अरुलाई सफाइ दिने जिल्ला अदालतको फैसलालाई सदर गऱ्यो । सरकारी वकिलको कार्यालय मनाङ्गे बाहेकका चार जनालाई पनि सजाय मागगर्दै सर्वोच्च गएको थियो । त्यही मुद्दामा मंगलबार न्यायाधीश दीपकराज जोशी र पुरुषोतम भण्डारीको संयुक्त इजलासले पुनरावेदनकै फैसला सदर गरेको छ । जिल्ला अदालतले सुनाएको सजाय दिपक मनाङ्गेले भुक्तान गरेको बताइएको छ । त्यसो भएमा उनले बाँकी समय कैद भुक्तान गर्नुपर्ने हुन्छ ।

धनकुटाको आन्दोलन उग्र

धनकुटा- धनकुटालाई अस्थायी मुकाम नतोकेको भन्दै विरोधमा प्रदर्शन उग्र बन्दै जान थालेको छ । आन्दोलनकारी र प्रहरीबीच झडप हुनुका साथै सरकारी कार्यालय आगजनी र व्यापक तोडफोड भएको छ । आन्दोलनकारीले दुई वटा सरकारी कार्यालयमा आगजनी गरेका छन् । क्षेत्रीय प्रशासन कार्यालय र शहरी बिकास तथा भवन निर्माण डिभिजन कार्यालयमा आगजनी गरेका हुन् ।

बिहीबार बिहानैबाट प्रधानमन्त्री शेरबहादुर देउवाको पुत्लासहित प्रदर्शन गर्दै क्षेत्रिय कार्यालय पुगेका प्रदर्शनकारी त्यसपछि सहरी डिभिजन कार्यलय पुगेका थिए । आन्दोलन अराजक तातर्फ जान थालेपछि प्रहरीले प्रदर्शनकारीलाई लाठिचार्ज गरको थियो । प्रहरीको लाठिचार्जपछि आक्रोसित प्रदर्शनकारी तोडफोड र आजगनीमा उत्रिएका हुन् ।

धनकुटाको सरस्वती चोक र मदनचोकमा प्रहरी र प्रदर्शनकारी बीच झडप भएको छ । बन्दकर्ता तोडफोडमा उत्रिएपछि सरस्वती चोकमा शसस्त्र प्रहरी र बन्दकर्ता बीच झडप भएको प्रहरीले जनाएको छ । प्रदर्शनकारीले मदनचोकमा प्रहरीको गाडी नै फुटाएका छन् । प्रहरी प्रमुख सवार ना.१ झ १३१४ नम्बरको गाडी तोडफोड र तीनवटा मोटरसाईकल फुटाएका छन् ।

आन्दोलन आक्रामक बन्दै गएपछि बजारमा सयौंको संख्यामा शसस्त्र र जनपथ प्रहरी परिचालन गरिएको छ । सरकारले बिराटनगरलाई अस्थायी मुकाम तोकेपछि हिजो साँझ प्रधानमन्त्री शेरबहादुर देउवाको पुत्ला दहन गरिएको थियो । राती मसाल जुलुश निकालेर सरकार बिरुद्ध प्रदर्शन गर्दै प्रधान मन्त्रीको र ाजिनामा माग गरिएको छ ।

प्रादेशिक राजधानीका लागि ३५ दिनयता निरन्तर आन्दोलन गर्दै आएका धनकुटाबासीले अनिश्चितकालिन आमहड्ताल जारी राखेका छन् ।

सरकारले ५ नम्बर प्रदेशको अस्थायी राजधानी रुपन्देही तोकेपछि कपिलवस्तु युवा संघर्ष समितिले विहीबारदेखी अनिश्चित कालीन बन्दको घोषणा गरेको छ । बन्दले त्यहाँको जनजीवन विहानै देखि प्रभावित भएको छ ।

यसैबीच प्रदेश नं ५ को राजधानी कपिलवस्तु हुनपर्ने माग राख्दै कपिलवस्तु अनिश्चितकालिन बन्द गरिएपछि विहानैबाट सदर मुकाम तौलिहवा लगायत आसपासका क्षेत्रमा जनजीवन प्रभावित भएको छ । प्रदेश ५ को राजधानी कपिलवस्तु हुने माग सहित बिहान ६ बजेदेखि नै बन्दकर्ता सडकमा उत्रेर प्रदर्शन सुरु गरेका हुन् । राजधानी माग गर्दै सुरु भएको आम हड्तालमा नागरिक अगुवा, उद्योगी, व्यवसायी एवम् नागरिकहरु सहभागी भएका छन् । बन्दका कारण जनजीवन पुरै प्रभावित भएको छ । सरकार ले कपिलवस्तुलाई इतिहास देखी नै ठग्दै आएको र अहिले पनि यसलाई उपेक्षा गरि अन्यत्र राजधानी तोकेको हुँदा सरकार लाई आफ्नो गल्ती सच्याउन दबाब दिन सडकमा आउन बाध्य भएको कपिलवस्तु युवा संघर्ष समितिले जनाएको छ ।

सोमेश्वर माध्यमिक विद्यालय माडीमा नयाँ दुई अक्षयकोष स्थापना

सोमेश्वर माध्यामिक विद्यालय माडीमा शिक्षक कृष्णप्रसाद पाठक को स्मृतिमा अक्षय कोष स्थापना भएको छ । विद्यालयको ४६ औं वर्षिकोत्सव तथा अभिभावक दिवसको अवसर पारेर पाठक परिवार ले १ लाख ११ हजार १ सय ११ रुपैयाँ बराबरको अक्षय कोष स्थापना गरिएको छ । २७ वर्ष सो विद्यालयमा लगातार शिक्षण गर्दै आइरहेका शिक्षक कृष्णप्रसाद पाठकको क्यान्सरका कारण साउन ७ गते निधन भएको थियो । उनको श्रीमती जानुका पाठकले उत्कृष्ट शिक्षक तथा विद्यार्थीलाई हरेक वर्ष सम्मान तथा छात्रवृत्ति दिने गरी अक्षय कोष स्थापना गरिएको जानकारी दिइन् । यस्तै द्वन्दकालमा ज्यान गुमाएका माडी-१ भंगेताका केशव क्षेत्रीको स्मृतिमा अक्षय कोष स्थापना भएको छ । १ लाख ११ हजार १ सय ११ रुपैयाँ बराबर को अक्षय कोष स्थापना गरिएको स्वर्गीय केशवका बुबा दुर्गाबहादुर क्षेत्री पौडेलले जानकारी दिए । हरेक वर्ष अक्षय कोषमा बचत भएको रकमको व्याज मार्फत गरिव तथा जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिने उनले बताए । विद्यालय मा हालसम्म १६ वटा अक्षय कोष स्थापना भएका छन् । हरेक अक्षय कोष मार्फत विद्यार्थीलाई हरेक वर्ष १ सय बढीलाई छात्रवृत्ति दिइदै आएको विद्यालयका लेखापाल सूर्यप्रसाद अधिकारीले जानकारी दिए । यसैबीच, पूर्वप्रधानपञ्च, विद्यालयका पूर्व व्यवस्थापन समिति सदस्य डासिराम पाठकको स्मृतिमा निर्माण भएको विद्यालयको मूल प्रवेशद्वार विद्यालयलाई हस्तान्तरण गरिएको छ । शिक्षक कृष्णप्रसाद पाठकले भाइ प्रेम पाठक मिलेर दाजु बुबा तथा आमा ठगिसरा पाठकको स्मृतिमा प्रवेशद्वार निर्माण गरिने प्रतिवद्धता जनाएका थिए । तर, शिक्षक कृष्णप्रसाद पाठकको साउन ७ गते निधन भएको थियो । वार्षिकोत्सव कार्यक्रममा माडी नगरपालिकाका मेयर ठाकुर प्रसाद ठकाल, पूर्व शिक्षा मन्त्री डिआर पौडेल, वडाध्यक्ष कृष्णप्रसाद पौडेल, नगर शिक्षा अधिकारी माधवप्रसाद पोखरेल, रेडक्रस बरुवाका सभापति छविलाल भट्टराई लगायतको सहभागिता रहेको थियो ।

कार्यक्रममा ५ पटकसम्म विद्यालयको प्रधानाध्यापक भएका पूर्वशिक्षक पूर्णभद्र उपाध्याय, पूर्वविद्यालय व्यवस्थापन समितिका अध्यक्ष गंगाधर पौडेल, अक्षय कोष दाता खगेश्वर सुवेदी, जानुका न्यौपानेलाई सम्मान गरिएको थियो । यसैबीच विद्यालयमा शुद्ध पिउने पानीका लागि स्थापना भएको खानेपानी तथा सरसफाई आयोजनाको हस्तान्तरण गरिएको शिक्षक गणेश बहादुर क्षेत्रीले जानकारी दिए । पूर्वविद्यार्थी उमाकान्त रेग्मीले पूर्वविद्यार्थीको सहभागितामा विद्यालयमा आवश्यक भौतिक पूर्वाधार विकासका लागि विशेष योजना ल्याएर सहयोग गरिने प्रतिबद्धता जनाए । कार्यक्रममा विद्यालयमा प्रचार्य माधवप्रसाद सुवेदीले १ करोड २६ लाख बराबर को आयव्यय विवरण सार्वजनिक गरेका थिए । कार्यक्रममा शैक्षिक तथा अतिरिक्त क्रियाकलापमा उत्कृष्ट विद्यार्थीलाई पुरस्कृत समेत गरिएको थियो । कार्यक्रम विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नारायण प्रसाद दवाडीको अध्यक्षतामा भएको थियो । १२ कक्षासम्म अध्यापन हुने यो विद्यालयमा हाल १ हजार २ सय विद्यार्थी अध्ययनरत छन् ।

स्वर्ण महोत्सवमा १ महिने कार्यक्रम

लक्ष्मी मा.वि गैंडाकोट-१५ अमरापुरी ले यही माग १२ गतेबाट बिभिन्न कार्यक्रमको आयोजना गरी स्वर्ण महोत्सव मनाउने भएको छ । आफ्नो ५० औं वर्षीकोत्सवको अवसरमा माग १२ गते वाट फागुन ७ गते सम्म बिभिन्न कार्यक्रमको आयोजना गरी मनाउन लागेको बिद्यालयले पत्रकार सम्मलेलनको आयोजना गरी जानकारी दिएको छ ।

विद्यालयले सो अवसरमा १ मिहिने कार्यक्रम अन्तर्गत विभिन्न खेलकुद, विज्ञान प्रदर्शनी, हाजीरीजवाफ, लोक नृत्य प्रतियोगिता, रक्तदान, मुल समारोह लगायतका कार्यक्रम गरिने विद्यालयका प्रधानाध्यापक मणिकण्ठ कंडेलले जानकारी दिनुभयो । उहाँले स्वर्ण महोत्सवका लागि तीव्रताका साथ तयारी भईरहेको जनाउनुभयो । कंडेलका अनुसार अहिले सो बिद्यालयमा सरसफाई लगाएत रंगरोगन भईरहेको छ ।

पत्रकार सम्मेलनमा बोल्दै स्वर्ण महोत्सव मुल समारोह समितिका सदस्य सचिव समेत रहनुभएका कंडेलले ९५ लाखको खर्च तथा आम्दानीको अनुमानित बजेट सार्वजनिक गर्नुभएको थियो । सो विद्यालयमा हाल ८ सय ८२ विद्यार्थी अध्ययनरत रहेका छन् ।